नेपालको पहिलो बौद्ध मासिक
# आनन्द भूमि

२०७३ (ज्यापुन्हि-जेष्ठ पूर्णिमा) वर्ष ४४ अंक २
बु.सं. २५६० ने.सं. ११३७
The Ananda Bhoomi (Year 44, Vol. 2)
A Buddhist Monthly : May/June 2016

*प्रमुख सल्लाहकारः*
**भिक्षु मैत्री महास्थविर (प्रमुख, आ. कु. वि.)**

*सल्लाहकार :*
**भिक्षु धर्ममूर्ति (कार्यवाहक प्रमुख, आ.कु.वि.)**

*व्यवस्थापन तथा वितरक :*
**भिक्षु पियदस्सी,** आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगी :* **भिक्षु सरणंकर**

*वितरण सहयोगी :* **विवेक महर्जन**

*लेखा व्यवस्थापन :* **सुरेश महर्जन,** स्वयम्भू

*आवरण डिजाइन/भित्री सेटिङ्ग :* **विनोद महर्जन**

*कम्प्यूटर सज्जा :* **राजकुमार छुका, ख्वप**

*सम्पादन सहयोगी :* **भिक्षु अस्सजि**

*सम्पादक/प्रकाशन संयोजकः*
**कोण्डन्य**
बुद्धविहार भृकुटीमण्डप, ४२२६७०२

***वितरणार्थ सहयोगीहरुः***

बुद्धजयन्ती समारोह समिति (श्रीघः), शर्मिला श्रेष्ठ (बौद्ध वृद्धाश्रम-बनेपा), अ. इन्द्रावती (धर्मकीर्ति), सरिता अवाले (ललितपुर), सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, (बौद्ध महिला संघ, नेपाल), पद्मसुन्दर शाक्य (भक्तपुर), सुवर्णमुनि शाक्य र प्रेमबहादुर थापा ( भैरहवा), भिक्षु कोविद र विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), ज्ञानमाला संघ-आनन्द विहार (तानसेन), बलबहादुर गाहा (पाल्पा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्ग), विजय गुरूङ्ग (लमजुङ्ग), शैनी चौधरी (पुजारी लामा) सप्तरी, उत्तममान बुद्धाचार्य (पोखरा), रत्नबहादुर नाम्जाली (सुर्खेत) ।

*मुद्रणः*
**आईडियल प्रिन्टिङ्ग प्रेस**, ग्वार्को, फोनः ५००७५६३, ०१२०२३५

*प्रकाशकः*
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०
*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



**तुम्हे हि किच्चं आतप्पं- अक्खातारो तथागता ।**

**पटिपन्न पमोक्खन्ति - झायिनो मारबन्धना ॥**

*अर्थात् : काम त तिमीहरूले नै गर्नुपर्दछ, तथागतहरूले मार्ग देखाइदिन्छन्, त्यस मार्गको आचरण गरी ध्यानाभ्यासी भएर मारको बन्धनबाट मुक्त हुन्छ ।*

**छिमिसं हे थःथःगु ज्या यायेमाः, तथागतपिसं केवल लँपु जक क्यनाबी, ध्यान यायेगु लँपुइ वँम्ह ध्यानी मारबन्धनं मुक्त जुइ ।**

You yourself must strive the Buddhas only point the way, those meditative once who tread the path is released from the bonds of Mara.

**- धम्मपद, २७६**

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्दकुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@gmail.com
gkondanya@gmail.com
info@anandabhoomi.com
Website: anandakutivihar.com.np
**www.anandabhoomi.com**

**वार्षिक रु. १५०/- एकप्रति रु. २०/- वार्षिक ग्राहक बनी सहयोग गरौं ।**

# अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न

**सम्पादकीय**

नेपाल सरकार, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयले सिद्धार्थ गौतम बुद्धको जन्म, बुद्धत्व ज्ञानप्राप्ति एवं महापरिनिर्वाण प्राप्त त्रिसंयोग दिवस बुद्ध संवत् २५६० औं बुद्धजयन्तीको अवसर पारेर अन्तर्राष्ट्रियस्तरमा सम्मेलन तथा बुद्धजयन्ती कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको छ । इतिहासमैं पहिलोपटक नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा लुम्बिनीमा बुद्धजयन्ती मनाएको सम्बद्ध क्षेत्रका लागि सुखद् पक्ष हुन् ।

सिद्धार्थ गौतमको जन्मभूमि लुम्बिनी नै भएको अन्तर्राष्ट्रिय रूपमा जानकारी गराउने, बुद्धधर्म तथा शिक्षाको अध्ययन, अनुसन्धान एवम् अन्वेषणको अन्तर्राष्ट्रिय केन्द्रका रूपमा नेपाललाई विकास गर्ने उद्देश्यसहित जेठ ६ र ७ गते काठमाडौंस्थित होटेल सोल्टीमा प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यत्वमा धार्मिक सन्देश प्रवाह हुनेगरी सम्मेलन समुद्घाटन गरिएको थियो । बुद्ध जन्मभूमि नेपालमा थेरवाद, महायान तथा वज्रयान धर्मसम्बद्ध नेपालका संघनायक भिक्षु अश्वघोष महास्थविर, लामागुरू तथा वज्राचार्य गुरूबाट धार्मिक शुभकामना सन्देशसँगै सम्मेलनलाई औपचारिक रूपमा शुभारम्भ गरिएको थियो ।

सरकारले **'लुम्बिनी, नेपाल : भगवान् बुद्ध र बौद्ध दर्शनको श्रोत'** 'LUMBINI, NEPAL; THE BIRTHPLACE OF LORD BUDDHA AND THE FOUNDATION OF BUDDHISM' भन्ने नारासहितको सम्मेलनपछि नेपालका सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले बुद्धको पवित्र जन्मभूमि लुम्बिनी परिसरमै नेपाल सरकारबाट आयोजित अन्तर्राष्ट्रिय बुद्धजयन्ती समुद्घाटन गर्नुभएको थियो । उद्घाटन सामारोहमा बुद्धजयन्ती समारोहका अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्री एवं एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल, उपप्रधानमन्त्रीहरू, मन्त्रीगण, विभिन्न दलका सांसद र राजनीतिक दलका नेताको सहभागिता रहेको थियो । बुद्धजयन्तीका अवसरमा लुम्बिनीमा २८ देशका ३५० भन्दा बढी बौद्ध धर्मगुरू तथा स्वदेशी र विदेशी गरी करिब १५ हजार बौद्ध धर्मावलम्बीको सहभागिताबीच दसबुँदे घोषणापत्रसहित सम्मेलन समापनको घोषणा गरिएको थियो ।

सम्मेलनका दौरान देखिएका कमीकमजोरलाई सच्याउँदै जान सूचित गर्ने भनी सम्बद्ध बौद्धसंघसंस्थाहरूले संस्कृति मन्त्रालय, नेपाल सरकारलाई सकारात्मक कार्यका लागि मैत्रीपूर्ण साधुवाद ज्ञापन गरेका छन् भने यस्तो कार्यक्रमले निरन्तरता पाइरहोस् भन्ने हाम्रो पनि मैत्रीपूर्ण शुभकामना ।

## आनन्दकुटीमा बुद्धजयन्ती

नेपालको ऐतिहासिका आनन्दकुटी विहारमा विगत वर्षहरूमा भैं बुद्धको पवित्र अस्थिधातु प्रदर्शनसँग बुद्धजयन्ती समारोह समिति २५६० को आयोजनामा दिनभर विविध धार्मिक कार्यक्रम सम्पन्न भयो । दिनभर हजारौं उपस्थित भक्तजनहरूलाई क्षीर/खीर भोजनको प्रबन्ध, रक्तदानलगायत विविध कार्यक्रमको आयोजनापछि सम्माननीय प्रधानमंत्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यत्वमा सार्वजनिक बौद्ध सभाको आयोजना गरियो ।

प्रधानमंत्रीले मुलुकलाई बुद्धशिक्षाको आवश्यकता रहेको औंल्याउँदै वर्तमान विश्वमा बुद्धधर्मको उपादेयता दिनानुदिन बढिरहेको छ भन्नुहुँदै बुद्धजन्मभूमि लुम्बिनीमा यथाशीघ्र ५००० (पाँचहजार) क्षमता भएको कार्यक्रम हल निर्माण गरिने आश्वासन दिनुभयो । पाँचदशक अघिदेखि निरन्तर बुद्धजयन्ती मनाउँदै आइरहेको संस्था बुद्धजयन्ती समारोह समितिलाई नेपाल सरकारबाट न्यूनतम बजेट उपलब्ध गराउन समेत आलताल गरिरहने, सहज वातावरणका लागि समारोह समितिले अनुरोध गर्नु स्वाभाविक हो भने नेपाल सरकार यसमा गम्भीर भई उचित बजेट व्यवस्थापनमा लाग्नु सकारात्मक हुन्छ ।

समारोह समितिका अध्यक्ष भिक्षु धर्ममूर्ति महास्थविर, उपाध्यक्षहरू भिक्षु कोण्डन्य र संघरत्न शाक्य, महासचिव गौतम शाक्य, श्रीलंकाली राजदूत एस. भि. सिनेभिरत्नको मन्तव्यसँगै प्रमुख अतिथि प्रधानमंत्री केपी शर्मा ओलीले बनेपाकाका भिक्षु बोधिसेन महास्थविर, धुलिखेलका भिक्षु गुणघोष महास्थविर, पाटनका अनागारिकाहरू ञाणसिला र सत्यसिला, भ्वाः बहालका बुद्धरत्न वज्राचार्य, काठमाडौं चसानका संघरत्न मानन्धर, तीर्थबहादुर मानन्धर र चन्द्रबहादुर मानन्धरलाई विशेष सम्मान पत्र प्रदान गरी उहाँहरूको योगदानलाई कदर गरिएको थियो । यसरी नै क्षीर भोजन दाताहरू थानकोटका शंकर मानन्धर तथा सीतादेवी मानन्धरलाई प्रशंसा पत्र प्रदान गरी उहाँहरूको श्रद्धादानलाई प्रोत्साहन गरियो । योगदान गर्नेहरूलाई समयमैं उचित कदर गरी उत्प्रेरित गरिने कार्य स्वयंमा प्रशंसनीय कार्य हो ।

# विषय–सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | जीवन सफलताको निम्ति यथार्थरूपमा चित्त संचालन | लोकबहादुर शाक्य | ४ |
| २. | सम्पूर्ण अपमानकारी विभेदको सही उपचार : बुद्धधर्म | दुर्गालाल शिल्पकार | ६ |
| ३. | प्राचीन नालन्दा विश्वविद्यालय | छत्रराज शाक्य | १० |
| ४. | श्रावस्तीको काखमा भावनाको मोहकता : १ | घनश्याम राजकर्णिकार | १७ |
| ५. | नेपालको सन्दर्भमा बुद्धधर्ममा शिक्षागत एकताको खाँचो | शुभरत्न शाक्य | २२ |
| ६. | यथार्थता | राज शाक्य | २४ |
| ७. | तारा व बसुन्धरा : समन्वय व सहिष्णुताया दसु ! | लाभरत्न तुलाधर | २५ |
| ८. | बौद्ध गतिविधि | | २७ |


## वर्षावास एवं कथिन बारे भिक्षु महासंघको जानकारी

यस वर्ष २०७३ को वर्षावाससम्बन्धी उपोसथ कर्म, अधिष्ठान, प्रवारणा, कथिनोत्सव आरम्भ एवं कथिनोत्सव समाप्ति बारे बुद्धविहार भृकुटीमण्डपमा २०७३ असार ३ गते सम्पन्न अखिल नेपाल भिक्षु महासंघको कार्यकारिणी बैठकमा छलफल भई निर्णय भएअनुसार निम्न उल्लेखित दिन–तालिकाअनुरूप गर्न/गराउनु हुन आज्ञानुसार जानकारीसहित सविनयपूर्वक अनुरोध गर्दछु।

१) वर्षावास : उपोसथ कर्म - २०७३ श्रावण ३, सोमबार (18th July, 2016)

२) वर्षावास : अधिष्ठान कर्म - २०७३ श्रावण ४, मंगलवार (19th July, 2016)

३) वर्षावास : प्रवारणा कर्म - २०७२ आश्विन २९, शनिवार (15th October, 2016)

४) कथिनोत्सव : सुभारम्भ - २०७३ आश्विन ३०, आइतवार (16th October, 2016)

५) कथिनोत्सव : समाप्ति (अन्तिम)- २०७३ कार्तिक २८ आइतवार (13th November, 2016)

उपरोक्त तालिकाअनुसार विहारका सम्बन्धित सबैलाई जानकारी संप्रेषण गर्नुभई धार्मिक विधिव्यवहार गर्न/गराउन समेत आज्ञानुसार जानकारी गराउँदछु। साधुवाद ॥

"चिरं तिट्ठतु सद्धम्मो ।"

आज्ञानुसार,

**भिक्षु कोण्डन्य**

महासचिव

अखिल नेपाल भिक्षु महासंघ



# जीवन सफलताको निम्ति यथार्थरूपमा चित्त संचालन

✍ लोकबहादुर शाक्य

**अनित्य, दुःख र अनात्माको यथार्थ दर्शन स्पष्ट भएर धर्म व्यवस्थान ज्ञान प्राप्त हुनेछ । चित्त पिषय पनि यथार्थ ज्ञान हुनु पर्दछ । चित्त भनेको कुशल, अकुशल, अन्याकृत गरेर ३ किसिमका हुन्छन् । शरीरका विभिन्न अङ्गहरू चलाउन पनि सम्बन्धित चित्तहरूकै अनुसार सम्बन्धित अङ्गहरूको संचालन हुँदोरहेछ । त्यसैले सफल मनुष्यको निम्ति चित्तको संचालन विधि यथार्थ रूपमा बोध गरेर चर्या गरी अग्रसर हुनु पर्दछ ।**

घर भन्ने वस्तु गृहको निर्माण भइसकेपछि मात्र देखा पर्ने यो एउटा औपचारिक नाउँ मात्र भएकोले यो यथार्थ कुरा होइन, वास्तविकता होइन । यो घर भनेकोलाई भत्काई विहारको कम्पाउण्डभित्र विहारको निर्माण गरिएको खण्डमा विहारको रूपको आकृति देखापर्दछ र यसलाई घर होइन विहार भनिने हुन्छ । यस्तो अवस्थामा घरको रूप लोप हुन्छ र घर भन्ने नाउँ पनि लोप हुन्छ । पुनः त्यस विहारलाई भत्काई एउटा चैत्य, धर्मशाला, पाटीपौवा, सत्तल निर्माण गरिएको खण्डमा चैत्य, धर्मशाला, पाटीपौवा, सत्तलको रूप प्रकट हुन्छ र यसैलाई चैत्य, धर्मशाला, पाटीपौवा, सत्तल भन्नुपर्ने हुन्छ र  अनि त्यसलाई विहार भन्न मिल्दैन । विहार भन्ने नाउँ नै लुप्त हुन्छ । त्यही धर्मशाला आदिलाई पुनर्बार एउटा आराम गृहमा परिणत गरीदिने हो भने मन्दिर भन्ने नाउँको लोप हुन्छ र आरामगृह भन्ने नाउँ प्रकट हुन्छ । अनि फेरी त्यो आराम गृहलाई मण्डपमा परिणत गरिदिने हो भने आराम गृह भन्ने नाउँ नै लोप भई मण्डप भन्ने नाउँ प्रकट हुन्छ । यसरी आकारहरू नष्ट हुनासाथ नाउँहरू पनि लुप्त हुन्छन् । आकारको उत्पत्ति हुनासाथ मात्र नाउँको पनि उत्पत्ति हुन्छ ।

विज्ञान धातु भनेको तत् तत् आलम्बन (आरम्मण) लाई थाहा पाउने धातुलाई भनेको हो । ती धातुहरू **(१) चक्षु-विज्ञान धातु (२) श्रोतविज्ञान धातु (३) घ्राण-विज्ञान धातु (४) जिह्वा-विज्ञान धातु (५) काय-विज्ञान धातु र (६) मनो-विज्ञान धातु**को रूपबाट ६ किसिमका छन् । **चक्षु-विज्ञान** भन्नाले वर्ण नामक रूपारम्मणले चक्षु इन्द्रीयमा स्पर्श गर्दा सो विषयमा थाहा पाउने चित्त, जुन चक्षुमा उत्पन्न हुने हो त्यस धातुलाई चक्षु-विज्ञान धातु भनिन्छ । **श्रोत-विज्ञान** :- शब्द नामक रूपारम्मणले श्रोतेन्द्रीयमा स्पर्श गर्दा सो विषय थाहा पाउने चित्त, जुन श्रोतमा उत्पन्न हुने हो त्यस धातुलाई श्रोत-विज्ञान धातु भनिन्छ । **घ्राण-विज्ञान** :- गन्ध नामक रूपारम्मणले घ्राण-इन्द्रीयमा स्पर्श गर्दा सो विषय थाहा पाउने चित्त, जुन घ्राणमा उत्पन्न हुने हो त्यस धातुलाई घ्राण-विज्ञान धातु भनिन्छ । **जिह्वा विज्ञान** :- रस नामक रूपारम्मणले जिह्वा इन्द्रीयमा स्पर्श गर्दा सो विषय थाहा पाउने चित्त, जुन जिह्वा विज्ञान उत्पन्न हुने हो त्यस धातुलाई जिह्वा विज्ञान भनिन्छ । **काय-विज्ञान** :- स्प्रष्टव्य नामक रूपारम्मणले काय इन्द्रीयमा स्पर्श गर्दा सो विषय थाहा पाउने चित्त, जुन कायमा उत्पन्न हुने हो त्यस धातुलाई काय-विज्ञान धातु भनिन्छ । **मन-विज्ञान** :- श्रद्धा, शील, श्रुत, त्याग

यस अङ्क



गताङ्कमा



आनन्द भूमि

पढौं पढाऔं, समयमैं वार्षिक ग्राहक बनौं

आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं, फोनः ४२७१४२०

E-mail : anandakutivihar@gmail.com, anandakutivihar@ntc.net.np
gkondanya@gmail.com, kondanya@soon.com

आदि र लोभ, दोष, मोह आदि कुशल अकुशल धर्मालम्बनले हृदय नामक हृदय वस्तुमा स्पर्श गर्दा सो विषय थाहा पाउने हृदय वस्तुमा अनेक प्रकारका विज्ञान जुन उत्पन्न हुने हुन्, ती ती धातु-विज्ञानलाई मनोविज्ञान धातु भनिन्छ ।

श्रोतले शब्दलाई सुन्दा, घ्राणले गन्धको बास सुँघ्दा, जिह्वाले रसको आश्वासन गर्दा, कायले सम्बन्धित अङ्गले खस्रा, कोमल, नरम गरम, ठण्डा वस्तुको स्पर्श गर्दा मैले सुनें, मैले सुँघें, मैले चाखें, मैले स्पर्शको अनुभव गरें भन्ने जुन दृष्टि धारणा भइरहने हुन्, ती श्रोत, घ्राण, जिह्वा, काय आदि तत् तत् विज्ञानमा उत्पन्न हुने गलत धारणाहरू हुन् । ज्ञानद्वारा श्रवण गर्ने, गन्ध सुँघ्ने, रसास्वादन गर्ने र स्पर्श अनुभव गर्ने प्रक्रियालाई अलग अलग धातुहरूका क्रिया हुन् भन्ने कुरालाई यथार्थ रूपमा देख्नुजान्नु पर्दछ । कुशल र अकुशल धर्मालम्बनहरूले हृदय वस्तुमा स्पर्श गर्दा मैले जानें, चिन्तन गरें भनी शुद्ध मनोविज्ञानले अनेक प्रकारले जुन चिन्तन गर्ने हो, त्यस किसिमको मनोविज्ञानमा उत्पन्न हुने गलत धारणालाई सत्कायदृष्टि भनिन्छ । ज्ञानद्वारा त्यस जान्ने प्रक्रियालाई अलग अलग धातुहरूको क्रिया हो भन्ने कुरालाई देख्नुजान्नु पर्दछ ।

अनित्य, दुःख र अनात्माको भाविता अभ्यास गर्नु नै नित्य संज्ञा, सुख संज्ञा, सत्व पुद्गल संज्ञा, जीव संज्ञाको विनाश गर्नुका लागि हो । एक बिजुली चम्किने अवधिभित्र उत्पत्ति र विनाश हुने धातु, स्वभावलाई देख्न सकेमा मात्र संसार नित्य छ, सुखमय छ, सत्य छ, पुद्गल छ वा जीव छ भनी आधार लिई मानिआएका संज्ञाहरू वास्तवमा आधारहीन ठहरी अनित्य, दुःख र अनात्मा रहेछ भन्ने ज्ञान प्रष्ट रूपमा प्रकट हुनेछ । यस किसिमबाट यथार्थ दर्शन हुनसकेमा मात्र धम्म-वत्थान-ञाण (धर्मव्यवस्थान-ज्ञान) प्राप्त हुनेछ । एउटा बिजुली चम्किने समयावधिभित्र पनि नामरूप धर्मको उत्पत्ति र विनाश सयौं हजारौं पटक भइसक्ने हुँदा उक्त क्षणिक समयभित्र उत्पत्ति र विनाश भइसक्ने कुरा सत्वहरूको साधारण ज्ञानले मात्र देख्न जान्न सकिने विषय होइन ।

चित्त भनेको :- अकुशल चित्त, कुशल चित्त र अव्याकृत चित्त गरी तीन प्रकारका हुन्छन् । अकुशल चित्त पनि लोभ चित्त, दोष चित्त र मोह चित्त, मान, इर्ष्या, मात्सर्य, कौकृत्य, व्यापाद आदि अनेक किसिमका हुन्छन् । कुशल चित्तमा पनि दान चित्त, शील चित्त, मैत्री चित्त, करूणा चित्त, मुदिता चित्त, उपेक्षा चित्त, श्रद्धाचित्त, प्रज्ञाचित्त, ध्यानचित्त आदि धेरै किसिमका हुन्छन् । अव्याकृत चित्तमा पनि विपाक चित्त, क्रिया चित्त, निंद्रा चित्त, प्रतिसन्धि चित्त, भवङ्ग चित्त, आवर्जन चित्त, सन्तीर्ण चित्त, सम्प्रतिच्छन्न चित्त, तदालम्बन चित्त, च्यूति चित्त आदि धेरै किसिमका छन् ।

अरू किसिमबाट भन्ने हो भने कायकम्म ( कायकर्म) चित्त, वचिकम्म (वचनकर्म) चित्त र मनोकम्म (मनकर्म) चित्त भन्ने तीन किसिमका चित्त हुन्छन् । कायकर्म चित्त भन्नाले जाने चित्त, उभिरहने चित्त, बसिरहने चित्त, हात खुम्च्याउने चित्त, हात फिजाउने चित्त आदि धेरै किसिमका छन् । जाने (गमन गर्ने) चित्तमा पनि गमन गर्ने इर्यापथलाई अग्रसर गराउने चित्त पहिलो कदमलाई अघि बढाउने चित्त आदि रूपबाट गमन गर्ने चित्तको सन्तति नटुटेसम्म गमन गर्ने चित्तको प्रक्रिया जारी भैरहने हुन्छ । यस प्रकारबाट शरीरका विभिन्न अङ्गहरू चलाउन पनि सम्बन्धित चित्तहरूकै अनुसार सम्बन्धित अङ्गहरूको सञ्चालन प्रक्रिया जारी रहन्छ ।

आकारहरू नष्ट हुनासाथ नाउँहरू पनि लुप्त हुन्छन् । विज्ञान धातु भनेको सम्बन्धितलाई थाहा पाउने धातुलाई भनेको हो । ती धातुहरू चक्षु, श्रोत, घ्राण, जिह्वा, काय, मन आदि विज्ञान धातुको रूपबाट ६ किसिमका छन् । धातुहरूका क्रिया भन्ने कुरालाई यथार्थ रूपमा देख्नुजान्नुको निम्ति ज्ञान प्रज्ञाद्वारा स्पष्ट रूपमा बोध गर्नु मनुष्यको निम्ति अत्यावश्यक पाईला हो । यस दृष्टिबाट अनित्य, दुःख र अनात्माको यथार्थ दर्शन स्पष्ट भएर धर्म व्यवस्थान ज्ञान प्राप्त हुनेछ । चित्त पिषय पनि यथार्थ ज्ञान हुनु पर्दछ । चित्त भनेको कुशल, अकुशल, अव्याकृत गरेर ३ किसिमका हुन्छन् । शरीरका विभिन्न अङ्गहरू चलाउन पनि सम्बन्धित चित्तहरूकै अनुसार सम्बन्धित अङ्गहरूको संचालन हुँदोरहेछ । त्यसैले सफल मनुष्यको निम्ति चित्तको संचालन विधि यथार्थ रूपमा बोध गरेर चर्या गरी अग्रसर हुनु पर्दछ ।

(सन्दर्भ श्रोत : पञ्च आलोक, लेखकः अग्गमहापण्डित डा. लेडि सयादो, अनुवादः आर. वि. वन्द्य)

# सम्पूर्ण अपमानकारी विभेदको सही उपचार : बुद्धधर्म

✍ दुर्गालाल शिल्पकार

## १. वर्तमान स्थिति

- वर्तमान प्रथम महिला राष्ट्रपतिले जानकी मन्दिरमा पूजा अर्चना गरी फर्केपछि एउटी विधवा पसेर मन्दिरै अपवित्र पारिन् भन्ने आरोपका साथै गोदूध छर्केर मन्दिरको तथाकथित शुद्धिकरण ।
- सुदूरपश्चिमको कैलालीमा स्थानीय निम्न दलित समुदाय मुसहरहरूलाई सार्वजनिक इनारबाट पानी लिन पाउने वातावरण निर्माण हेतु अभिनेता राजेश हमालको सामाजिक जागरणको जोरदार प्रयास उच्च दलित समुदायद्वारा असफल । पुनः प्रयास गरे परिणाम नराम्रो हुने थप चेतावनी ।
- निम्न जातको भएर पनि उच्च जातका छोरीचेलीहरू मागेको, भगाएको, ताकेको वा जिस्काएको भन्ने बहानासम्ममा पनि हत्या, अंगभंग वा परिवारसहित गाउँ निकाला गरिएका घटनाहरू असंख्य जारी ।
- आफ्ना क्षुद्र निहितस्वार्थ पूरा नहुनासाथ बोक्सा-बोक्सीको आरोपमा गरीब, तल्लो जात, एकल वा अवला नारीहरूलाई मानव मलमूत्र ख्वाएर नाँगै गाउँ घुमाउने र अझ मौका परे जलाएरै मार्ने वा एसिड छ्याप्ने, भीरबाट खसाल्ने जस्ता घातक व्यवहारहरू पनि असंख्य जारी ।
- त्यत्तिकै असंख्य घट्नाहरू छन, जसमा दिनमा पानी पनि नचल्ने तर रातमा जिउ चल्ने अनौठो चलनअन्तर्गत दलित, अपांग, लठ्यौरो, असहाय कमजोर नारीहरूलाई बलात्कार र शंका लागे हत्या समेतका घट्नाहरू ।
- अन्तमा, उल्लेख गर्न छुटाउनै नहुने बडो उदेकलाग्दो व्यवहार पनि हेरौं जुन जहाँसुकै देख्न सकिन्छ । त्यो हो फोहर खाने जातको कुकुर (खिचा) चल्ने तर दलित वा शुद्र जातको हुँदैमा आफ्नै बराबरीको क्षमताको मानिस नचल्ने । कुकुरभन्दा मान्छे तल?
- यसरी केही काम नगरेपनि जातैले जतासुकै सम्मान पाउने तर दिनभर घोटिएर परिश्रम गर्नेहरूले भने जातैले जतासुकै अपमानपूर्ण विभेदको सामना गर्नुपर्ने? यस्तो स्थिति भैरहँदा देश झनझन अधोगतितिर, कसरी प्रगतितिर लाग्छ?
- लिच्छवीकालमै स्वर्णयुगमा पुगिसकेको नेपाल मल्लकालदेखि ओरालो लागेको लागेकै छ, किन ?

## २. अपमापूर्ण विभेदको कारण –

- अत्यन्त सानो भएर पनि विशाल र शक्तिशाली दुई देशबीच च्यापिएको, नेपालभित्र पौने तीन करोडको जनसंख्याबीच विभाजनकारी आपसी विभेद, घृणा, अपमान र अविश्वास? जसको परिणाम हुन्छ घात-प्रतिघातपूर्ण संघर्षको विस्फोटक वातावारण ।
- आखिर एकले अर्कोमाथि शोषणपूर्ण अमानवीय व्यवहार गर्नैपर्ने कारण के हो? बाध्यता...? दुस्साहस...? या अज्ञानता....?

  उपरोक्त संगीन प्रश्नको उत्तर खोज्नु परमावश्यक छ, विभेदको शान्तिपूर्ण सम्यक् समाधानको निमित्त ।
- नेपाल मात्र नभै दक्षिण एशियाकै परिवेश हेर्दा पनि यसको सतहि कारण चतुर्वर्ण जातीय सामाजिक व्यवस्था जस्तो देखिन्छ । जसअन्तर्गत सम्पूर्ण जनतालाई मूलतः चारतहमा र अनेकौं उपतहमा विभाजन गरिएको छ । सबैले यसैलाई अनिवार्य रूपमा अंगिकार गरी आफूभन्दा माथिकालाई सम्मान र चाकडी गरी तलकालाई शोषण गर्न खुल्ला अवसर दिइएको छ ताकि सबैले यसलाई आ-आफ्नो भाग्य र नियति सम्झेर जीवन गुजारोस ।
- चार वर्णमा नसमेटिएका आदिवासी जनजातिहरूलाई मतवाली जात र विदेशीहरूलाई म्लेच्छ भनी असभ्य स्तरको व्यवहार गरिन्छ ।
- मानौं कि वेदज्ञान नै सम्पूर्ण र परमसत्य होस, अरू सबै निम्न र असत्य । वेद, पुराण र उपनिषद्हरूमा वर्णित देवदेवीहरू वास्तविक हुन् र ब्राह्मणहरूले देवताहरूसँग कुरा गर्न सक्छन् र भक्तजनहरूबाट चढाइएका दान दक्षिणा देवाताकहाँ पुर्‍याउन सक्छन् ।
- मानौं कि ब्रह्मलोक, बैकुण्ठलोक, स्वर्गलोक, यमलोक, नरकलोक र पृथ्वीलोक भरी जहाँ गए पनि गंगा मैदानमा जस्तै प्रचण्ड गर्मी छ । त्यसैले सबै देवताहरूले अर्धनग्न धोति लुगा मात्र लगाउँछन् । साथै सबैले संस्कृत भाषा

**बुद्धको उपदेश मनन गर्दा प्रष्ट हुन्छ कि सम्पूर्ण खालको भेदभाव, शोषण, उत्पीडन, घमण्डरूपी क्लेशहरू अज्ञानताको कारणले उत्पन्न हुन्छन् । आज्ञानताको कारणले भय उत्पन्न हुन्छ । भय हटाउन शक्ति संचय, धन संचय, सेना संचय, बुद्धि संचय ( वृद्धि) गर्न थालिन्छ, जसले घमण्ड उत्पन्न गराउँछ । अनि घमण्डले अरूमाथि शोषण र भेदभाव गर्न लगाउँछ । घमण्डले सीमाना नाघेपछि विद्रोहको सुनामि उत्पन्न हुन्छ**

मात्रै बोल्छन् । किनकि सबै लोकका देवता, मानिस र राक्षस या असूरहरूका नाम संस्कृतमैं छन् । जहाँ कि नेपालजस्तो अत्यन्तै सानो देशभित्रका जनताबीच पनि लवाइखुवाइ अनि भाषाजस्तै नाममा पनि ठूलो भिन्नता भइ सयौं थरी पाइन्छ ।

### ३. समस्या

- समस्या वेदवादीहरूमा मात्र हैन मुस्लिम इसाई, यहूदीसहित अरू धर्मसंस्कृतिमा पनि ज्वलन्त छन् । एउटा धर्मका देवताहरूले अरू धर्मका देवताहरू देख्दैनन् कि चिन्दैनन् कि वा भाषा फरक भएर बोल्दैनन्? केही नभए पनि असूर राक्षसहरूसँग बारम्बार युद्ध गर्ने देवताहरूले भाषै नबुझ्ने क्षेत्राधिकार मिचिएर, मर्यादा मिचिएर अरू धर्मका देवताहरूसँग अवश्य पनि सम्झौता वा युद्ध गरेकै हुनुपर्ने हो ।
- वास्तवमा अल्पज्ञानीहरूको दृष्टिमा आफ्नै नस्लका मानिसहरू, आफ्नै धर्मसंस्कृति मात्र उत्तम हुन् अरू सबै खत्तम हुन् भन्ने लाग्दछ । युद्ध वा आक्रमणमा जो समुदाय विजयी हुन्छ, उसले पराजित जातिलाई बाँच्नै दिनुहुन्न, दिइहाले पनि दास बनाइराख्नु पर्छ भन्ने पूर्वाग्रही धारणा–नीति लिन्छन् ।
- यसरी आफूलाई उत्तम अरूलाई खत्तम देख्न चाहने हो भने निसाफ हुने कसरी र कसबाट? नभए एकले अर्कालाई निमिट्यान्न पार्न नसकेसम्म युद्ध चल्नुपर्ने भो? त्यसो भए के शक्ति नै अन्तिम सत्य हो? शक्ति भनेको जंगली नियम हैन र?
- शक्ति नै अन्तिम निर्विकल्प सत्य भए ज्ञान र ध्यानलाई सर्वोपरी महत्व दिई '**पञ्ञा नरानं रतनं**' (प्रज्ञा नै मानव रत्न हो) भनी घोषणा गर्नुहुने सर्वज्ञ बुद्धको उदय कसरी सम्भव भयो? यसको उत्तर आउने समीकरण के हो?
- सम्पूर्ण किसिमको व्यक्तिगत क्लेशबाट मुक्त भएर निर्वाण अवस्था प्राप्त गरी अरूसँग मैत्री, करूणा, मुदिता र उपेक्षारूपी सम्मानपूर्ण व्यवहार गर्ने उच्चस्तरीय सभ्यता २५०० वर्षअघि नै प्रवेश गर्न थालिसकेको मानव समाजलाई पुनः शक्ति नै सम्पूर्ण हो भन्ने जंगली सभ्यतामा फर्काउन खोज्नु स्वधर्म कल्याण हुनै सक्तैन ।
- कारणको निचोडमा पुग्दा, चतुर्वर्णको जातीय सामाजिक व्यवस्था ब्रह्माजी आफैले आज्ञा भई गणेशजीले लिपिवद्ध गरेको वेदबाट निसृत भएको होस वा आफ्नी आमालाई अरू आगन्तुक श्रृषिले यौन भोगको लागि तानेकोमा आफ्नै पिता गौतम श्रृषिको आत्म–स्वीकृतिले रन्थनिएको मनु श्रृषिले राम्रै आशयले रचेको मनु संहितामा व्यवस्था गरिएर चलिआएको होस्, जे जसरी लागू भएर आएतापनि मानव नै प्रकृतिको अहिलेसम्मको सर्वोत्कृष्ट श्रृजना भएको र मानव अधिकार सर्वोच्चताको यो युगमा आइसक्दा यो व्यवस्था अनुपयुक्त र असान्दर्भिक मात्र नभई अमानवीय समेत देखिसकेकाले यसको उपचारमा सम्बन्धित विज्ञजनहरूले ढिलाई गर्नुहुन्न । ब्रह्माजीका अंशियारहरूमा कम्तिमा यति त अधिकार होला नै ।
- तर, बुद्धको उपदेश मनन गर्दा प्रष्ट हुन्छ कि सम्पूर्ण खालको भेदभाव, शोषण, उत्पीडन, घमण्डरूपी क्लेशहरू अज्ञानताको कारणले उत्पन्न हुन्छन् । आज्ञानताको कारणले भय उत्पन्न हुन्छ । भय हटाउन शक्ति संचय, धन संचय, सेना संचय, बुद्धि संचय (वृद्धि) गर्न थालिन्छ, जसले घमण्ड उत्पन्न गराउँछ । अनि घमण्डले अरूमाथि शोषण र भेदभाव गर्न लगाउँछ । घमण्डले सीमाना नाघेपछि विद्रोहको सुनामि उत्पन्न हुन्छ ।
- विद्रोह सफल हुँदैमा पनि समस्या सकिन्छ भन्न सकिन्न, बरू अर्को चक्र शुरू हुन्छ ।

### ४. विगत र भविष्य परिणाम

- मानव–मानवबीच कुनैपनि किसिमको विभेदले ल्याउन सक्ने दुर्भावना र प्रतिशोधको परिणाम अत्यन्त विषाक्त, विस्फोटक र हृदय विदारक हुन्छ । त्यसको तीव्रता र आयतनको कल्पना नै गर्न सकिन्न ।
- २५०० वर्ष पुरानो एउटा उदाहरण हेरौं । कपिलवस्तु गणराज्यमा राजादेखि रंकसम्ममा उच्च शाक्यवंशी क्षेत्री जातीय घमण्ड व्याप्त थियो । शक्तिशाली छिमेकी देशका

युवराजलाई शाक्यकन्याको सट्टा दासीपुत्री भिराइदिँदा पछि उ राजा हुनासाथ बदला लिन कपिलवस्तुमाथि हमला गरी ७७००० शाक्यहरूको नरसंहार गरे । शाक्यमुनि बुद्धको जीवनकालमैं कपिलवस्तुको विनाश भयो । चतुर्वर्ण शुद्धिका सम्बन्धमा उहाँको उपदेश बुझ्न नखोजेपछि यस्तो विपत्तिको विकल्प थिएन ।

- केवल ७१ वर्षअघि थामिएको दोश्रो विश्वयुद्धको परिणाम अहिलेसम्मकै विनाशकारी र हृदयविदारक भएको थियो । जापानको हिरोसिमा र नागासाकी नगरका लाखौंलाख नागरिकले अनाहकमा तत्काले विभत्स मृत्यु भोग्नुपर्‍यो भने अरू लाखौंले अकल्पनीय विकिरणको आघात सहनुपर्‍यो । जापानी वीरताको घमण्डको परिमाण थियो त्यो ।
- उता यूरोपमा यहूदीहरूद्वारा हेपिएका हिटलर आफू जर्मनीको शासनसत्तामा आउनासाथ ६० लाख निर्दोष यहूदीहरूलाई एकै चिहान बनाइदिए । क्रुद्ध छिमेकी राष्ट्रहरू मिलेर जर्मनीलाई पराजित गरी चार टुक्रा बनाए र स्वयं हिटलरको दर्दनाक मृत्यु भयो ।

अरू प्राणीउपर हिंसा थोपर्न मात्र हैन आफ्नो जातको सर्वश्रेष्ठता लाद्न र सँधै अशान्ति र अस्थिरता मच्चाइराख्ने नियत राखेर चतुर्वर्ण जातीय व्यवस्था लागू गर्दा आफैले अनावश्यक घातक परिणाम व्यहोर्नुपर्‍यो । फलस्वरूप हिन्दुहरूको देश भनिएको हिन्दुस्थानमा आफैले मुस्लिम र इसाई शासन ल्याए जस्तो भयो र आफूहरू नेपालतिर भागाभाग हुनु पर्‍यो ।

**कुनैपनि विभेदको उपचार बुद्धधर्मले सही ढंगले गर्नसक्छ भन्ने वचन केवल औपचारिक वा खोक्रो होइन, यसका ठोस आधारहरू पनि छन् ।**

कारण स्पष्ट छ, देशको जनसंख्यालाई चतुर्वर्ण सिद्धान्त अनुसार चार भाग लगाउँदा चौथाई संख्याका क्षेत्रीहरूले मात्र हतियार समाउनुपर्‍यो । अर्थात् वर्ण र जातीयभेद नभएको मुस्लिमहरूको सतप्रतिशत संख्याविरूद्ध वैदिक हिन्दूहरूको चौथाई संख्याका हतियारधारीले मुकाविला गर्नुपर्‍यो । परिणामतः मुस्लिमहरूले स्वाभाविक रूपमा हिन्दुस्थान हडप्न पायो ।

- वास्तवमा यस कटु घटनाबाट चेतेर उत्तिबेलै चतुर्वर्ण जातीय व्यवस्थालाई खारेज गरिसक्नुपर्ने थियो ।

भविष्यबारे चर्चा गर्दा हिन्दुस्थानबाट नेपालमा भागेर आउनुपरेको घटना र कारण बिर्सेर पुनः त्यही गल्ती नेपालमा पनि दोहराउन खोजिरहेको आभास हुँदैछ । आफ्नो वर्ण र जातलाई र भाषा, धर्मसंस्कृतिलाई मात्र उत्तम सम्झेर अरू सबलाई हीन सम्झने प्रवृत्ति बदलिएको छैन र समान मानवअधिकार संविधान प्रदत्त मौलिक अधिकारलाई सम्मानको दृष्टिले हेरेर आफ्नो कमजोरी सुधार्नेतर्फ नलागी आदिवासी जनजातितर्फ संकेत गरी विधर्मीहरूका संख्या बढिरहेको एकोहोरो आरोप लगाउन थाल्नुले राम्रो भविष्यको वकालत गर्दैन ।

## ५. विभेद उपचारको सम्भावना

यदि '**बसुधैव कुटुम्बकम्**' र '**कणकणमा भगवान्**' भन्ने जस्तो उच्चस्तरीय दर्शन पनि वेदमा निहित छ नि भन्ने लाग्दछ भने, जसको आशय उत्तम त छ, अहिलेसम्म त्यसलाई किन रछ्यानमा फली राखियो र प्राथमिकताकासाथ अगाडि ल्याइएन? कम्तिमा भारतमा स्वराज घोषणापछि र नेपालमा प्रजातन्त्र घोषणापछि त्यो काम भएको भए सम्पूर्ण सार्वभौम जनताले समानताको मानवीय अनुभूति गर्न पाउँथे कि?

दिवंगत बौद्ध विद्वान भीमराव अम्बेडकर, जसले विशाल गणतन्त्र भारतको संविधान एक्लै बनाउने हैसियत राखे, जन्मदा पाएको हिन्दुत्व खोक्रो उच्च जातीय विभेदपूर्ण व्यवहारले सान्है अपमानित भएर परित्याग गरी १० लाख सहजातीय दलितहरूको नेतृत्व गरी बुद्धधर्म ग्रहण गरेका थिए ।

तैपनि हिन्दुत्व बचाउने र हिन्दुहरूको उत्थान गर्ने हो भने चतुर्वर्ण जातीय व्यवस्था खारेज गर्न इमान्दारीका साथ उहाँले सुझाव पनि दिनुभएको थियो । त्यस स्वाभाविक सुझाव स्वीकार गरिएन र समस्या अहिलेसम्म जारी नै छ ।

बरू २५०० वर्षअघि ५०० जना ब्राह्मणहरूको नेतृत्व गरी आएका त्रिवेदमा पारंगत अश्वलायन पण्डितले भगवान् बुद्धसँग प्रतिवाद गर्न आउँदा उहाँको बडो स्पष्ट र तार्किक चतुर्वर्ण जातीय व्यवस्थाको खण्डन र चारैवर्णको शुद्धिको व्यवस्थालाई स्वीकार गर्न हिम्मत गरी भगवान् बुद्धको शरण गमन समेत गरेका थिए ।

## ६. विभेदको सहि उपचार

जुनसुकै किसिमको समस्या जातीय, लिंगीय, रंगीय, धार्मिक, आर्थिक आदि समस्याहरूको समाधान हुनसक्छ ।

ज्ञानमार्गबाट जाने हो भने शान्तिपूर्ण समाधान हुन्छ तर शक्तिको प्रयोग गरियो भने त्यहाँ विभेद, शोषण, उत्पीडन, विद्रोह आदिका अप्रिय र हिंसापूर्ण घट्नाहरूको चक्र चल्छ ।

विभेदविरूद्ध विभेद, आतंकविरूद्ध प्रतिआतंक, युद्धविरूद्ध चर्को युद्ध सही समाधान होइन । यसलाई बुद्ध समर्थन गर्नुहुन्न । देश ठूलो या सानो होस्, राजतन्त्र या गणतान्त्रिक त्यो पनि प्रशंसाको कुरा होइन । परन्तु, मूलतः जनता सुखी र समृद्ध हुनुपर्यो ।

बुद्धले देशलाई सुखी र समृद्ध पार्न दशराजधर्मको उपदेश दिनुभएको छ । सप्तअपरिहानीय धर्मको पनि उपदेश छ ।

परिवारलाई सुखी र समृद्ध बनाउन सिगालोवाद सूत्रसहित थुप्रै उपदेश दिनुभएको छ । जसमा मातापिता र गुरूहरूलाई मात्र हैन, परन्तु श्रीमती र सन्तानसहित आफूले पालेका, जागीर दिएका कर्मचारी, मजदुर, दासदासीहरूलाई समेत विभिन्न तरिकाले सन्तुष्ट, खुशी पारी सम्मान गर्नुपर्ने क्रान्तिकारी उपदेश दिनुभएको छ ।

व्यक्तिव्यक्तिलाई सुखी बनाउन त कूल ८४,००० स्कन्ध उपदेश छन् । जसले मानिसलाई आदिकल्याण, मध्यकल्याण र पर्यवशानकल्याण गर्छन् र अन्तमा निर्वाणपथगामी बनाउँछन ।

निर्वाणको अवस्थामा पुगेपछि आफै सम्पूर्ण क्लेशबाट मुक्त हुनुको साथै अर्काको क्लेशको शिकार हुनसक्ने संभावनाबाट पनि मुक्त हुनेछ ।

**७. निष्कर्ष**

कुनैपनि विभेद (जातीय, लिंगीय, भाषिक, रंगीय आदि) र विवादको समाधान सम्मानजनक ढंगले गर्न सकिन्छ । जुन संभावना मानव सम्मानवादी बुद्धधर्ममा छर्लंग देखिन्छ । किनभने यो धर्ममा मानवलाई भन्दा देवतालाई बढी होइन, देवतालाई भन्दा मानवलाई शिर्षष्ठ स्थान दिइएको छ । मानवमात्र बुद्ध बन्न सक्छ, देवता हैन ।

कुनैपनि विभेदको उपचार बुद्धधर्मले सही ढंगले गर्नसक्छ भन्ने वचन केवल औपचारिक वा खोक्रो होइन, यसका ठोस आधारहरू पनि छन् ।

पहिलो आधार बुद्धधर्मको परिभाषामैं छ, जुन यस प्रकार छ - 'स्वाक्खातो भगवता धम्मो सन्दिट्ठिको, अकालिको, एहिपस्सिको ओपनयिको पच्चतं वेदित्वो विञ्ञूहीति' ।

दोश्रो, यही परिभाषामैं आधारित प्रतीत्यसमुत्पाद सिद्धान्त हो, जसले कुनैपनि नराम्रो या राम्रो घट्ना वा वस्तुको प्रादुर्भाव र विनाशको कारण छर्लंग देखाइदिन्छ । कारण देखिएपछि निवारण आधा स्वयं भएको मानिन्छ ।

बाँकि आधाको निवारण सम्यक् दृष्टिमा आधारित आठ अंगयुक्त आठ चरणको मध्यममार्ग हो- १) सम्यक् दृष्टि २) सम्यक् संकल्प ३) सम्यक् वचन ४) सम्यक् कर्मान्त ५) सम्यक् आजीव ६) सम्यक् व्यायाम ७) सम्यक् स्मृति ८) सम्यक् समाधि ।

स्थानाभावको कारण विस्तृत वर्णन गर्न नसकिने हुँदा पुस्तक अध्ययन र विज्ञजनको परामर्श निकै सहायकसिद्ध हुनेछ ।

आफूमात्र विभेदमुक्त भएर नपुग्ने हुनाले मैत्रीकरूणाले युक्त भई विभेदको शिकार भइरहेका र विभेदकर्तालगायत सामान्यजनलाई समेत यसमा संलग्न हुन रोक्न पनि सामूहिक अध्यापन, प्रशिक्षण संचालन गर्नु गराउनु अमूल्य र दुर्लभ मानवजीवनको निमित्त कल्याणकारी हुनेछ ।

भवतु सब्ब मंगलं ।

durgalalshilpakar@hotmail.com

**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु**
**यहि नै बुद्धको उपदेश हो ।**

**बिश्व मोटर ट्रेडर्स**

**ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ४२३८१४७, ४०३००४४, ०१२२९२२३०**
E-mail: vishwamotor@gmail.com

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरुको लागि सम्पर्क गर्नुहोस् ।**



# प्राचीन नालन्दा विश्वविद्यालय
# (Ancient Nalanda University)

✍ छत्रराज शाक्य
सह प्राध्यापक - अर्थशास्त्र (अवकाश), त्रिभुवन विश्वविद्यालय

## १. विषय प्रवेश (Introduction)

नालन्दा विश्वविद्यालय विश्वको सबभन्दा प्राचीन सर्वोत्कृष्ट बौद्ध विश्वविद्यालय हो । प्राचीन भारतवर्षको सोह्र महाजनपदहरूमा मगध राज्यको राजधानी राजगृह (राजगिर) नजिकै ११ कि.मी. उत्तर र पश्चिममा विश्व विख्यात नालन्दा विश्वविद्यालय अवस्थित थियो । विश्व इतिहासमा उल्लेखित सबभन्दा प्राचीनतम विश्वविद्यालय नालन्दा विश्वविद्यालय नै हो । विश्व सभ्यता (World Civilization) मा बौद्धहरूको तर्फबाट नालन्दा विश्वविद्यालय सबभन्दा ठूलो योगदान मान्नु पर्दछ । यो विश्वविद्यालय स्थापना एवं प्रारम्भ पाँचौं शताब्दीमा भएर बाह्रौं शताब्दीमा मुसलमान आक्रमणकारी बख्तियार खिल्जीको आक्रमणपछि समाप्त भयो ।

## २. नालन्दा शब्दको उत्पत्ति र अर्थ (Origin of Nalanda Word and its Meaning )

चिनियाँ बौद्ध यात्री ह्वेनसांग (Hieun Tsang) का अनुसार नालन्दा शब्दको उत्पत्ति र अर्थ सम्बन्धमा दुईवटा परम्परा पाइएको छ । उनको भनाई अनुसार एक परम्पराले 'त्यस क्षेत्रको आँप बगैँचा नजिकै पोखरीमा एक नाग सर्प मन्दिरको दक्षिणमा बस्दथ्यो' भन्दछ । त्यही नागको नामबाट नै नालन्दा स्थानको नाम रहन गएको हो भनिन्छ ।

अर्को परम्परा अनुसार बुद्धपूर्व एक जन्ममा त्यही स्थानमा जन्मेर राजा भएको थियो । त्यसबेला राजधानी नालन्दा नै थियो । राजा दान दिन रूचाउँदथे । नालन्दालाई ना–अलम–दा (Na-Alam-da) पनि भनिन्छ, जसको अर्थ हो - 'दान दिनमा अतृप्त' (Insatiable in giving) भनिन्छ । ना–अलम–दा शब्दबाट नै नालन्दा नाम रहन गएको हो भनिन्छ । 'The Buddha was once born as a king in one of his former birth and had his capital there. He was so fond of giving, which won for him the epithet Nalanda (na-alam-da) which means unsatiable in giving.' (Malalasekera, 2003: 105)

## ३. नाल, नालक, नालकग्राम र नालन्दा (Nala, Nalak, Nalakgram and Nalanda)

महासुदस्सन जातकमा उल्लेख गरिएअनुसार राजगृह नजिकै नाल गाउँमा गौतम बुद्धको प्रमुख अनुयायी भिक्षु सारिपुत्रको जन्म भएको थियो । अर्को ग्रन्थमा त्यही स्थानलाई नालक वा नालकग्राम भनी सारिपुत्रको गतिविधि बारेमा चर्चा गरिएको छ । तर संस्कृत भाषाको एउटा ग्रन्थ 'महावस्तु' मा चर्चा गरे अनुसार नालक ग्राम राजगृहबाट आधा योजन टाढा रहेको गाउँमा सारिपुत्रको जन्म भएको थियो भनिएको छ । साथै इतिहासविद् तारानाथको बुद्धधर्मको इतिहासमा सत्रौं शताब्दीको तिब्बतको एक ग्रन्थमा सो कुरा उल्लेख गरिएको छ । गौतम बुद्धको अर्को प्रमुख अनुयायी भिक्षु मौदगल्यायनको जन्म पनि नालन्दामा नै भएको थियो । अतः नाल, नालक, नालकग्राम र नालन्दा आदि सबै नामहरू एउटै स्थानको नाम र नालन्दा नै हो भन्ने तर्क संगत देखिन्छ । (ए. घोष, १९८६:२-३)

वर्तमान नालन्दा भारतको विहार प्रान्तको पटनाबाट ९० कि.मी. टाढा दक्षिण पूर्वमा रहेको 'बरगांव' नजिकै रहेको छ । साथै प्राचीन मगध राज्यको राजधानी राजगृहको ११ कि. टाढा उत्तर र पश्चिममा स्थित छ । विश्वविख्यात नालन्दा बौद्ध विश्वविद्यालयको विशाल भग्नावशेष यहीँ पाइएको छ ।

यो भग्नावशेष सर्वप्रथम हेमिल्टन बुखानन् (Hamilton Buchanan) ले १९ औं शताब्दीको प्रारम्भमा फेला पारेको थियो । त्यसपछि डा. एलेक्जान्डर कनिङ्घामले (Dr. Aleexander Cunningham) यो भग्नावशेष प्राचीन बौद्ध विश्वविद्यालय नालन्दा नै हो भन्ने ठोकुवा गरेका थिए । उनले चिनियाँ यात्री ह्वेनसांगको यात्रा वर्णन अनुसार भनेका थिए ।

**४. नालन्दामा मन्दिर र बौद्ध विहारहरू ( Temples and Buddhist Viharas (Monasteries) in Nalanda)**

इतिहासविद् तारानाथको भनाई अनुसार ई.पू. तेस्रो शताब्दीमा सम्राट अशोकले नालन्दा जन्मस्थल भएकोले भिक्षु सारिपुत्र महास्थविरको स्मृतिमा त्यहाँ चैत्य र विहार निर्माण गर्न लगाएका थिए । नालन्दामा प्रथम चैत्य र विहार सम्राट अशोकले नै निर्माण गर्न लगाएका थिए । त्यसपछि दोस्रो शताब्दीमा सुविष्णु नामक एक ब्राह्मणले थेरवाद ( हीनयान) र महायान बुद्धधर्मको रक्षा र सम्बर्द्धनको लागि १०८ वटा मन्दिरहरू बनाउन लगाएका थिए । प्रख्यात महायानी दार्शनिक नागार्जुनले नालन्दा विहारमा नै बुद्धधर्मको अध्ययन गरेका थिए । पछि उनी त्यही विहार मन्दिरमा माथिल्लो स्तरको पंडित (High Priest) बनेका थिए ।

त्यसपछि चौथो शताब्दीको प्रारम्भमा माध्यमिक बुद्धधर्मको दार्शनिक आर्यदेव, त्यसपछि पाँचौं शताब्दीमा योगाचारको बौद्ध दार्शनिक असंग १२ वर्षसम्म ठूला पंडित भएका थिए । त्यसपछि असंगको भाई प्रख्यात बौद्ध विद्वान बसुबन्धु पनि नालन्दा विहार र मन्दिरको माथिल्लो स्तरको पंडित भएका थिए । (ए.घोष, १९८६:४)

राजा सक्रादित्य (कुमारगुप्त)ले नालन्दामा एक मन्दिर बनाएपछि त्यसपछिका उनका उत्तराधिकारीहरू बुद्धगुप्त, तथागतगुप्त बालादित्य आदिले केही मन्दिरहरू निर्माण गर्न लगाएका थिए । पहिला गुप्त वंशका राजा कुमारगुप्तबाट प्रारम्भ गरिएका मन्दिर, विहारहरू धेरै गुप्त राजाहरूले नै निर्माण गरेका थिए ।

सम्राट अशोकका वंशज राजा पुर्ववर्मन (Purvavarman) ले छैठौं शताब्दी तिर गौतम बुद्धको २४.४ मिटर अग्लो ताम्बाको विशाल बुद्ध मूर्ति बनाएका थिए । छैठौं शताब्दीमा कन्नौजका राजा हर्षवर्धनले बडो श्रद्धापूर्वक, खुल्ला ह्रदयले पित्ततलको मन्दिर, विहार बनाउन लगाए, साथै सो संस्थालाई विभिन्न ब्यवस्था गरी धेरै सहयोग गरेका थिए । यसरी पछि पनि धेरै राजाहरू, व्यक्तिहरूले नालन्दा विहार परिसरमा विहार बनाई भगवान बुद्धका मूर्तिहरू प्रतिस्थापना गरेका थिए ।

**५. नालन्दा विश्वविद्यालयको स्थापना (Establishment of Nalanda University)**

नालन्दामा पहिले बौद्ध विहारहरूको निर्माण एवं स्थापना भएका थिए । ती विहारहरूमा परिसरको अलग्गै स्थानमा बौद्ध चैत्य मन्दिर उपोसथागार अर्थात पूजा प्रार्थना गर्ने स्थान, जहाँ भगवान बुद्धको मूर्ति प्रतिस्थापन गरिएको हुन्छ, निर्माण गरिए । साथै भिक्षुहरू, शिक्षकहरू, पंडितहरूबाट बौद्ध शिक्षा, धर्म, दर्शन अध्यापन गराउने ब्यवस्था भए । बुद्धधर्म दर्शनको अध्ययन अध्यापनको गतिविधि बढदै गए । यही क्रममा राजा कुमार गुप्तले बौद्ध विश्व विद्यालयको शुरूवात गरे । राजा कुमार गुप्तले सन् ४१५ देखि ४५६ सम्म शासन गरेका थिए । अतः यही ४१ वर्ष शासनकाल भित्र ४२७ मा नालन्दा विश्व विद्यालयको स्थापना भएको हुनु पर्दछ । सातौं शताब्दीमा चिनिया बौद्ध यात्री ह्वेन सांग नालन्दा विश्व विद्यालय अध्ययन गर्न आउँदा सो विश्व विद्यालय धेरै विकसीत र ख्याति प्राप्त भइसकेको थियो । नालन्दाको प्राप्त भग्नावशेषमा विहारहरूमा संख्या १ ए र वि दक्षिण तिर र पूर्वमा ८ वटा ठूला बौद्ध विहारहरूका एउटै आकार र डिजाइनका चारैतिर कक्षहरू (Cell) भएको संख्या १ देखि ११ सम्म पाईएका छन् । पश्चिमतिर ठूला चारपाटे आकारका सख्या १२, १३ र १४ गरी तीनवटा ठूला मन्दिरहरू (Temple) पाईएका छन् । मन्दिरभित्र भगवान बुद्धकै मूर्तिहरू प्रतिस्थापित गरिएका छन् । साथै छेउमा स्तुपहरू छन् । यी तीनवटा मन्दिर भनिए तापनि बौद्ध परम्परा अनुसार विहारकै पूजा प्रार्थना गर्ने स्थानहरू हुन् जसलाई 'उपोसथागार' भनिन्छ । दक्षिणमा मन्दिर संख्या ३ को मुख्य सबभन्दा विशाल अग्लो धेरै सिढीहरू भएको स्तुप आदिको भग्नावशेष छ ।

**१. विश्वविद्यालयको परिसर र भवनहरू (University, Campus and Building)**

नालन्दा विश्वविद्यालयको चौध हेक्टरमा फैलिएको विशाल परिसरको लम्वाई उत्तर देखि दक्षिणसम्म र चौडाई पूर्व पश्चिम रहेको थियो । प्राप्त भग्नावशेषको उत्खनन र अध्ययनले थाहा पाईन्छ । नालन्दामा प्राप्त शिला र ताम्रलेखहरूबाट विहारहरू, भवनहरू र अन्य कुराको बारेमा जानकारी प्राप्त हुन्छ ।

चिनियाँ यात्री ह्वेन सांग नालन्दा अध्ययन गर्न आउँदा नालन्दाको् विकास एवं विस्तार राम्रोसित भईसकेको र त्यो अवस्थालाई गौरवपूर्ण अवस्था (Glorious Period) भनिन्छ । राजा हर्षवर्धनले नालन्दाको विस्तार संरक्षणमा महत्वपूर्ण रूपमा संरक्षकत्व प्रदान गरेका थिए ।

ह्वेन सांगले देखेको वर्णन अनुसार उनले सात वटा विहार र आठ वटा ठूला सभाकक्ष (Hall) देखेको साथै धेरै तलाका भवनहरू देखेका थिए । ती भवनमा माथिल्लो कक्ष वा हिस्सा बादल माथि देखिन्थे (Upper room Tower above the cloud) नालन्दा परिसरको भब्यता भवनहरूका कलापूर्ण स्तम्भहरू भवनका शिखरहरूका वर्णन ह्वेन सांगले साहित्यिक ढंगले गरेको पाईन्छ । ह्वेन सांग र इत्सिंगको वर्णनले नालन्दाका परिसर विहंगम दृष्टिले भरिपूर्ण, सुन्दर, तीन तलाका सुन्दर एवं कलात्मक भवनहरू, भव्य ठूला कक्ष एवं हलहरू बरन्डाहरू, भवनहरू बीच फराकिला बाटोहरू र चिल्ला टल्किएका भुंईहरूले भरिपुर्ण भवनहरू सातौं शताब्दीको अन्ततिर नै निर्माण भईसकेका थिए ।

इत्सिङ् (Itsing) पनि चीनबाट नालन्दा विश्वविद्यालयमा अध्ययन गर्न ह्वेन सांग भन्दा ४० वर्ष पछि आएका थिए । उनले १० वर्ष सम्म अध्ययन गरेका थिए । इत्सिङ्ले नालन्दाका मन्दिर, विहार र भवनहरूको निर्माण बनावटको विधि, भिक्षुहरू (Buddhist Monks) बस्ने कोठाहरूको आकार आदिको विस्तृत रूपमा वर्णन गरेका छन् ।

विहारका कक्षहरू चारपाटे (Square) आकारका ईंटाका बनाईएका, सबै भवनहरूका कोठाको उचाई कम्तिमा पनि १०-१० फुट अग्ला थिए । भवन वरिपरि लामा बाटोहरू, बरण्डाहरू, भवनका माथिल्लो तलाको माथिल्लो हिस्सामा सुन्दर मानव कपालको कलात्मक रूपहरू बनाईएका थिए । विहार भवनको पश्चिमतिरको मुल ढोका १० फुट अग्लो र कलात्मक थिए । भवनका गल्लि बाटाहरू ईटांले छापेर, त्यसमाथि प्लास्टर लगाएका र त्यसलाई ढुंगाले घोटेर चिल्लो पदार्थ राखेर टल्काएका हुन्थे र ऐना जस्तो टल्कन्थे । (With a greasy plaster, they make it polished and clear like a missor. All the halls and steps of staircase are finished in this manner.) (Malalasekera, 2003:109)

नालन्दा परिसरको पश्चिमतिर करीब १०० वटा चैत्यहरू (Tche-ti) र स्तुपहरू (Tsoei–tou–po) थिए । यसरी इत्सिङ्ले नालन्दाको विस्तृत विवरण सहित योजना (Plan) पनि पाठकहरूले बुझ्न सजिलो होस भनि बनाएको थियो । तर त्यो योजना पछि हराएको रहेछ । नालन्दा जस्तो चीनमा बनाउन पनि इत्सिङ्ले चीनको सम्राट अगाडि प्रस्ताव राखेका थिए ।

## २. नालन्दा विश्वविद्यालयमा अध्ययन र अध्यापन गराईने विषयहरू (Different Subjects and Faculties)

नालन्दामा स्थापना भएका बौद्ध विहारहरूमा बौद्ध शिक्षा, ग्रन्थहरूको अध्ययन, अध्यापन गराइने हुँदा, यसैबाट पछि विश्व विद्यालयको रूप विकसित भएको हो । बुद्ध धर्म (Buddhism) अन्तर्गत मुख्य गरेर महायानको साथै थेरवादको पनि अध्ययन अध्यापन गराईन्थ्यो । यसको साथै बज्रयान र अन्य हाँगाहरू सबैको पढाई यहाँ हुन्थ्यो । बौद्ध विषयको साथै वेद ग्रन्थको पनि पढाई यहाँ हुन्थ्यो । यस बाहेक पाठ्यक्रम (Curriculum) मा अन्य पाँच विद्याहरू अर्थात विषयहरूको पनि निम्नानुसार पढाइ हुन्थ्यो । पाँच विद्याहरू -१. शब्द विद्या, यसमा ब्याकरण र दर्शन विषयको पढाई हुन्थ्यो । २. चिकित्सा विद्या ३.हेतु विद्या - यो तर्कशास्त्र (logic) लाई भनिन्थ्यो । ४. शिल्पस्थान विद्या - ललितकला (Fine Arts) र अध्यात्म विद्या- बुद्ध धर्मको इतिहास र धर्महरू ।

उपरोक्त प्रमुख विद्याहरू वा विषयहरूको अध्यापनको साथै अरू विषयहरूको जस्तै योगशास्त्र, न्याय, खगोल शास्त्र (Astronomy), पाणिनीको संस्कृत ब्याकरण आदिको पनि अध्यापन हुन्थ्यो । वर्तमान विश्व विद्यालयहरूमा विविध संकायहरू(Faculties) अन्तर्गत विभागहरू (Departments) हुने गर्छन, त्यसपछि विभिन्न विषयहरूको अध्यापन हुने गरे जस्तै, नालन्दा विश्व विद्यालयमा पनि विभिन्न सकायहरू, विभिन्न विभागहरू अन्तर्गत विभिन्न विषयहरूको अध्यापन हुने गर्दथ्यो । नालन्दा बौद्ध विश्व विद्यालय भनिए तापनि सनातन हिन्दु धर्म अन्तर्गत वेद, उपनिषद र अन्य चिकित्सा शास्त्र, ललितकला, दर्शन, तर्क शास्त्र आदि विषयको अध्ययन अध्यापन हुने स्पष्ट छ ।

## ३. अध्ययनको लागि प्रवेश र समय सारिणी (Admission and Timetable)

नालन्दा अन्तर्राष्ट्रिय ख्याति प्राप्त विश्व विद्यालय भएको हुँदा देश र विदेशबाट समेत विद्यार्थीहरू यस संस्थामा अध्ययन गर्न लालायित हुन्थे । विद्यार्थीहरूले प्रवेश परीक्षा (Admission Test) उत्तिर्ण गरे पछि मात्र भर्ना पाउँदथे । प्रवेश परीक्षाको ढाँचा मौखिक परीक्षा अथवा अन्तर्वार्ता (Oral Test या Interview) हुने गर्दथ्यो । प्रवेश परीक्षा कडाईका साथ लिइन्थे । प्रवेश परीक्षाको लागि नयाँ र पुराना पुस्तकहरू

गहन रूपमा अध्ययन गर्नु पर्दछ । पुराना पुस्तक भन्दा वेद र उपनिषद, सांख्य, न्याय आदि र नयाँ पुस्तक भन्नाले बुद्ध धर्म अन्तर्गत थेरवाद (हीनयान), महायान र बज्रयान र सबै हाँगाहरूको अध्ययन गर्नुपर्दछ । (Hieun Tsang says 'The student must have studied deeply both old and new books before getting admission (at Nalanda) Hieun Tsang – by old and new books evidently refers to works such as Veda, Upanishads, works of different systems sankhya, Vaisesika, Nyaya and all the works of Mahayan and Hinayan Buddhism. Thus we find the student was supposed to have knowledge of these subjects before he sought admission.' (Malalasekera,2003:111)

प्रवेश परीक्षाको लागि अधिकारयुक्त प्रमुख द्वारपंडित हुने गर्दछ । अन्तर्वार्ता र प्रश्न सोध्ने द्वार पंडितले विशेषज्ञको रूपमा काम गर्ने गर्दछन् । प्रवेश परीक्षामा १० मध्ये २ वा ३ जना उत्तीर्ण हुन्थे । प्रवेश परीक्षा अति नै कडाईका साथ लिने गर्दथे । नालन्दाको विद्यार्थीहरूको शैक्षिक एवं बौद्धिक गुणस्तर उच्च राख्न विशेष जोड दिईएको पाईन्छ ।

नालन्दा विश्व विद्यालयको सम्पुर्ण शैक्षिक कक्षा, गतिविधिहरू, दिन चर्या, पानी घडी (Clepsydra) को अनुसार संचालन हुने गर्दछन् । त्यसबेला वर्तमान घडीको आविष्कार भएको थिएन । दिनभरीलाई ८ घण्टामा विभाजन गरिएको हुन्छ । ठूलो पानी घडाबाट पानी चुहेर सानो कटौरामा भरिन्छ, १ पटक ड्रम बजाईन्छ र चार कटौरा पानी भरिदा १ घडी वा घण्टा हुन्छ र ढोलक (Drum) चार पटक बजाईन्थ्यो । २ घण्टा बित्दा मध्यान्ह हुन्छ । यस पछि भोजन गर्न पाईदैन थियो । अर्थात अध्ययन गर्ने विद्यार्थीहरू धेरै भिक्षुहरू हुन्थे होला, अष्टशील पालन गर्नु पर्दा विकाल भोजन गर्न नहुने हुन्छ । सूर्योदय र सूर्यास्त हुँदा पनि ड्रम बजाईन्थ्यो ।

## ४. भोजन एवं आबास व्यवस्था (Fooding and Lodgings)

नालन्दा विश्व विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरू महाविहारमा बस्ने भिक्षुहरू, श्रामणेरहरू, प्राध्यापकहरूलाई भोजनको ब्यवस्था राम्रो थियो । विद्यार्थीहरूलाई निःशुल्क आबास एवं भोजन ब्यवस्था गरिएको थियो ।

ह्वेन सांगको यात्रा वर्णन अनुसार नालन्दा विश्व विद्यालयमा १०,००० विद्यार्थीहरू अध्ययनरत थिए । अध्यापन, प्राध्यापन गर्ने शिक्षक प्राध्यापकहरूको संख्या १५६० थिए । उपसम्पदा भएका भिक्षुहरू ३००० थिए । त्यस्तै श्रामणेरहरू प्रवर्जित भएका समेत ५००० थिए होलान । यत्रो संख्याको लागि दैनिक भोजन ब्यवस्था गर्नु भनेको सजिलो र सामान्य कुरा थिएन ।

यो सबै ब्यवस्था मिलाउन राजा हर्षवर्धनले १०० वटा गाउँहरूका आम्दानी सबै विहार र विश्व विद्यालयलाई बुझाउनु पर्ने ब्यवस्था गरिएको थियो । साथै २०० वटा गाउँहरूबाट चामल, दूध र घिउ आपूर्ति गर्नु पर्ने ब्यवस्था पनि मिलाईएको थियो ।

भिक्षु, श्रामणेरहरूका लागि विहारहरूमा बसोबासका लागि ब्यवस्था हुने गर्दथ्यो भने विद्यार्थीहरूलाई निःशुल्क बस्ने ब्यवस्था सबैलाई उपलब्ध थियो । भोजन र बासस्थानको ब्यवस्था सबै विद्यार्थीलाई निःशुल्क हुँदा अध्ययनमा राम्रो सित लागेर पूर्णता दिन सजिलो हुने गर्दछ ।

## ५. ख्यातिप्राप्त शिक्षक एवं शिक्षण पद्धति (Well known Teacher and Teaching Method)

नालन्दा विश्व विद्यालयमा विद्वान एवं ख्यातिप्राप्त शिक्षकहरू (वर्तमान प्राध्यापक) पर्याप्त थिए । यी विद्वान शिक्षकहरूकै कारणले नालन्दा धेरै टाढा सम्म अन्तर्राष्ट्रिय रूपमा नै निकै प्रशिद्ध ख्यातिप्राप्त थियो । यी शिक्षकहरूलाई भारतको विभिन्न राज्य र प्रवेश विभिन्न देशहरू तिब्बत, चीन आदि देशहरूबाट पनि झिकाउँदथे - बुद्ध धर्मको ज्ञानको लागि । जेष्ठ विद्वान अनुभवी शिक्षकहरूलाई नै उपकुलपति (Vicechancelor) बनाईन्थ्यो । केही विद्वान शिक्षकहरू जसले उपकुलपति भएर नालन्दा विश्व विद्यालयमा सेवारत भए । तिनीहरूको केही नाम चर्चा गर्नु उचित होला । नालन्दा विश्व विद्यालयको रूपमा परिवर्तन हुनु भन्दा अघि नालन्दा महाविहार, महाविद्यालयको रूपमा बुद्ध धर्मको अध्ययन अध्यापन हुने गर्दथे । यी सबै संस्थाहरूका प्रमुखको रूपमा उपकुलपतिको हैसियतले कार्य गर्दथे ।

बुद्ध धर्म अन्तर्गत शुन्यवादको प्रवर्तक, महायानी विद्वान नागार्जुन (इ.सं. ७७-१८१) ले उपकुलपति भएर नालन्दामा सेवा गरे । त्यसपछि विद्वान शिक्षकहरू- राहुलभद्र, विरादेव, सत्यबोधि, धर्मपाल, शीलभद्र आदिहरूले पनि नालन्दाको उपकुलपति भएर सेवा गरे । विद्वान दार्शनिक असंग (सन् २८०-३६०), विज्ञानवादका प्रवर्तक नै थिए । शिक्षकहरू शान्तरक्षित७५ बर्षको उमेरमा र उनैको शिष्य कमलशील, ग्रन्थ लेखक पनि तिब्बतमा बुद्ध धर्म प्रचार गर्न

गएका थिए । त्यसपछि पद्मसम्भव सन ७४७ मा तिब्बत पुगेर बुद्ध धर्मको ब्यापक प्रचार प्रसार गरे । तिब्बतीहरूले उनलाई गौतम बुद्ध पछि दोस्रा स्थानमा गुरूको रूपमा अहिले पनि पूजा गर्दछन् । पाचौं शताब्दीमा विद्वान कुमारजीव चीनमा गएर बुद्ध प्रचार गरे । नालन्दाका केही विद्वान शिक्षकहरू ठूला तार्किक र प्रमाण समुच्च ग्रन्थका लेखक दिगनाग अभिधर्मकोषका रचनाकार वसुवन्धु, धर्मशास्त्रार्थमा शकंराचार्यलाई हटाउने धर्मकीर्ति आदि अन्तराष्ट्रिय रूपमा नै ख्यातिप्राप्त थिए । भारतका ६ अलंकार भन्नाले नागार्जुन, आर्यदेव,असंग, बसुबन्धु, दिंगनाग र धर्मकीर्ति आदि प्रकाण्ड विद्वानहरूलाई लिइन्छ । यसपछि पनि धेरै विद्वान शिक्षकहरूले नालन्दामा अध्यापन गर्दथे ।

नालन्दामा शिक्षण पद्धति विभिन्न अपनाउँदथे । दिनभरिमा विभिन्न विषयहरूमा करीव १०० वटा ब्याख्यान (Lecturers) को ब्यवस्था गरिन्थ्यो । करीब १०० जना स्रोत ब्यक्ति विद्वान शिक्षक, ब्याख्याताबाट ब्याख्यान हुने गर्दथे । धेरै सूत्रहरू र शास्त्रहरूको ब्याख्यान गर्न सक्ने स्रोत ब्यक्तिहरू धेरै थिए ।

अर्को महत्वपूर्ण पद्धति थियो - छलफल, वादविवाद (Discussion) । यो पद्धतिलाई छलफल गरेर सिक्ने (Learning by discussion) भन्ने गर्दथिए । जेष्ठ र कनिष्ठ विद्यार्थीहरू एक अर्कालाई विषयबस्तु बारे सहयोग गर्दथे । नालन्दा व्यवहारिक रूपमा एउटा अनुसन्धान संस्थाको रूपमा प्रख्यात थियो । (Nalanda was practically a research Institute for advanced students…)

विश्व विद्यालयमा अध्ययन, अध्यापन र अनुसन्धानको लागि आवश्यक पुस्तकालय स्थापना गरिएको थियो । पुस्तकालय विशाल थियो । धर्मगञ्जमा स्थापित पुस्तकालय परिसरमा तीनवटा भवनमा तीन वटा पुस्तकालय थिए । रत्नसागर भवन नौ तलाको विशाल र गगनचुम्वी थिए, साथै अर्को रत्नोदही र रत्नारन भवन थिए । पुस्तकालयमा लाखौं लाख प्रख्यात एवं महत्वपुर्ण ग्रन्थ तथा सामग्रीहरूले सुसम्पन्न थिए ।

## ६. विश्व विख्यात अन्तर्राष्ट्रिय नालन्दा विश्वविद्यालय (World Famous International Nalanda University)

नालन्दा विश्व विद्यालय विश्व बिख्यात अन्तर्राष्ट्रिय विश्व विद्यालय हो । विश्व इतिहासमा रेकर्ड भए अनुसार नालन्दा सबभन्दा प्राचीन विश्व विद्यालय हो । साथै यो संस्था सवभन्दा विशाल थियो । शैक्षिक गुणस्तर यसको सर्वोत्तम थियो । ख्यातिप्राप्त विद्वान शिक्षकहरूले पढाउँदथे ।

नालन्दा विश्व विद्यालयमा एशियाका धेरै देशहरूबाट विद्यार्थीहरू अध्ययनको लागि आउने हुँदा यसलाई अन्तर्राष्ट्रिय विश्व विद्यालय भनिएको हो । एशियाका मध्यपूर्वका देशहरूमा तिब्बत, चीन, मंगोलिया, कोरिया र जापानबाट विद्यार्थीहरू पढ्न आउँदथे । ह्वेन सांगको अनुसार उपरोक्त देशहरूबाट त्यसबेला नालन्दा अध्ययन गरिरहेका करीब ६० जना विदेशी विद्यार्थीहरू थिए । ह्वेन सांग स्वयं नालन्दाको विद्यार्थी थिए । उनले सन ६४० देखि ६४५ (ए.सी.) सम्म ५ बर्ष बुद्ध धर्मको अध्ययन गरेका थिए । यिनी चिनियाँ बौद्ध यात्री र अन्वेषकको रूपमा प्रख्यात छन् । त्यसपछि अर्का चिनियाँ यात्री इत्सिङ्ग (Itsing) ६७५ देखि ६८५ ए.सी. सम्म १० बर्ष नालन्दामा बुद्ध धर्मको अध्ययन गरेका थिए । यी दुबै भन्दा पहिला फाहियान पाचौं शताब्दीमा यात्रीको रूपमा भारतमा आएका थिए । उनले भिक्षु सारिपुत्रको जन्मस्थल नाल वा नालक गाउँको चर्चा मात्र गरेको छ । शायद उनी भारत आउँदा नालन्दा महाविहार र बौद्ध विद्यालयको रूपमा विकसित भैसकेको थिएन । तर नालन्दा महाविहार र बौद्ध विद्यालयको रूपमा विकसित भैसकेको थियो । शायद फाहियान (Fa–Hien) नालन्दा सम्म नपुगेको हुन सक्दछ ।

एशियाका दक्षिण पूर्वका देशहरू श्रीलंका, मलेसिया, इन्डोनेशियाको जावा र सुमात्राबाट पनि पढ्न आएका थिए । यसको साथै बर्मा, थाईलैण्ड, कम्बोडिया, भियतनाम, लाओसबाट पनि विद्यार्थीहरू आएका हुन पर्दछ । पश्चिमी देशहरू पर्सिया, टर्की र योरपको ग्रीस बाट पनि अध्ययन गर्न आएका थिए । छैठौं सातौं शताब्दीमा विश्वको अरू मुलुकहरूमा विश्व विद्यालय स्थापना भएकै थिएन । साथै बुद्ध धर्म र अरू शास्त्र र विद्याहरूको गहिरो रूपमा अध्ययन गर्ने शिक्षण संस्था नभएको हुँदा त्यसबेलाको विश्वकै विभिन्न मुलुकहरूबाट उच्च अध्ययनको लागि नालन्दा एक मात्र विश्व विख्यात विद्यालय थियो । वर्तमान विश्वमा संचालन भइरहेको प्राचिन विश्व विद्यालय अक्सफोर्ड (Oxford University) बेलायतमा सन ११६७ मा मात्र स्थापना भएको थियो । त्यस्तै संसारका पुराना विश्व विद्यालयहरूमा कायरो (Cairo) मा अल अजहर (Al Azhar) सन ९७२ मा, इटलीमा बोलोग्ना सन १०८८ मा स्थापना भएका थिए । त्यसैले रेकर्ड अनुसार उपरोक्त विश्व विद्यालयहरूमा सबभन्दा प्राचिन नालन्दा विश्व विद्यालय नै हुन आउँदछ ।

नालन्दा विश्व विद्यालयको प्रांगण, परिसर

(complex) १४ हेक्टर जमिनमा फैलिएको विशाल थियो । यहाँ ठूलठूला बौद्ध विहारहरू अनगिन्ति भगवान बुद्धका मूर्तिहरू, स्तुपहरू र मन्दिरहरू बनाईएका थिए । गगनचुम्बी धेरै तलाका भवनहरू विहार भवनहरूमा हजारौं कक्षहरू आवास ब्यवस्थाका लागि निर्माण गरिएका थिए जहाँ हजारौं भिक्षुहरू १०००० विद्यार्थीहरू १५६० शिक्षक गुरूहरूलाई आबास सुविधा प्राप्त थियो । साथै सबैलाई निःशुल्क दैनिक भोजनको ब्यवस्था थियो । अतः नालन्दा विश्व विद्यालय विशाल हुनुको साथै आवासिय विश्व विद्यालय (Residential University) को रूपमा प्रख्यात थिए ।

नालन्दा महाविहार एवं विश्व विद्यालयलाइ संरक्षकत्व प्रदान गर्ने र विकास एवं विस्तार गर्न योगदान दिने सम्राट राजाहरू धेरै थिए । सर्वप्रथम सम्राट अशोकले ठूलो बुद्ध विहार बनाएका थिए । त्यसपछि गुप्त र पाल वंशका राजाहरू राजा कुमारगुप्त, बुद्धगुप्त, तथागत गुप्त, बालादित्य, पुर्ववर्मन र हर्षवर्धनले विभिन्न योगदान गरेका थिए । शताब्दीयौं लामो अवधि सम्म धेरै राजाहरूले नालन्दालाई जति अरू ठाउँ र संस्थालाई संरक्षकत्व र योगदान दिएको छैन होला । त्यसैले पनि नालन्दा धेरै महत्वपूर्ण र धेरै विशेषता भएको अलग्गै पहिचान भएको विश्व विद्यालय मान्नु पर्दछ । (Unique University)

प्रारम्भका प्रकाण्ड विद्वान नागार्जुन लगायत भारतका ६ अलँकारहरू साथै अरू थुप्रै बौद्ध विद्वानहरू नालन्दामा नै अध्ययन गरी बुद्ध धर्म र दर्शनको क्षेत्रमा ख्याति प्राप्त विशिष्ट विद्वान भएका शिक्षकहरूले अध्यापन गराउने अरू तक्षशिला, विक्रमशिलाहरू मध्ये यो विश्व विद्यालय प्राज्ञिक, बौद्धिक ज्ञानको क्षेत्रमा सर्वोत्कृष्ट (Center of Academic Excellence) थियो । विद्वान संकलिया (Sankalia) ले भन्दछ – नालन्दा विश्व विद्यालय जब विकसित भइसकेको थियो, जबकि विश्वको अधिकांश भाग अझै पनि बौद्धिक अन्धकारमा थियो । 'Considering the time of the university flourished,when the greater part of the world was still on intellectual darkness.' नालन्दा एउटा बौद्ध विश्व विद्यालय मात्र नभई मानव सभ्यता (Human Civilization) को प्रतिक थियो ।

ई.स. ११९७ मा एक मुसलमान आक्रामक मोहम्मद बख्तियार खिल्जीले प्राचिन, विश्व प्रशिद्ध भारतको सात आश्चर्य मध्ये एक आश्चर्य, विश्व महामानव भगवान बुद्धको शान्तिको शिक्षा एवं आध्यात्मिक ज्ञानको उपदेश फैलाउदै गरेको, मानव सभ्यताको प्रतिक आठ शताब्दी लामो इतिहास बोकेको नालन्दा विश्व विद्यालय क्रुरतापूर्वक आगो लगाएर सदाको लागि यस धर्तिमा ध्वस्त गरिदियो । ज्ञानको ज्योति नालन्दाले के गल्ती गरेको थियो र ? मानव विवेकलाई शुन्य पारेर, निर्दयी, क्रुर राक्षसी प्रवृत्तिले नालन्दालाई विध्वंश पार्‍यो । नालन्दाको सुवर्णमय इतिहासमा खिल्जीले आगो लगाएको दिन कालो दिवसको रूपमा विश्व बौद्ध जगत र मानव सभ्यताले सदा सम्झिरहने छ । नालन्दाको ज्ञानको भण्डार मानव सभ्यताको ढुकुटी, रत्नसागर पुस्तकालय खिल्जीको राक्षसी आगोको ज्वाला तीन महिना सम्म दन्किरहेर अमुल्य ग्रन्थरत्न सबै खरानी हुँदै गएको ह्रदय विदारक दृश्य हेरेर बौद्ध भिक्षुहरू, विद्यार्थीहरू, उपासक, उपासिकाहरू अन्य भक्तजनहरूले कसरी ह्रदय थाम्यो होला ।

यो दुःखदायी घटना घटेको ८१७ बर्ष पछि इं.सं २०१४ सेप्टेम्वर १९ का दिन भारतको परराष्ट्र मन्त्री सुष्मा स्वराजले प्राचिन मगध राज्य अन्तर्गत विहारको राजगृहमा नालन्दा अन्तर्राष्ट्रिय विश्व विद्यालय पुनः खोलिएको भन्दै उद्घाटन गरेको खबर सुन्न पाउँदा बौद्ध जगत, ज्ञानको जगतमा हर्षको लहर छाएको छ ।

यो विश्व विद्यालय ई सं २०१० नोभेम्वर २५ मा स्थापना गरिएको थियो । गत २०१४ सेप्टेम्वर १ देखि १५ जना विद्यार्थी भर्ना गरेर प्रथम सत्र शुभारम्भ गरिएको छ । विश्व विद्यालयको संस्थापक (Founder) भारतको लोक सभा र राज्य सभा रहेको छ । नालन्दा विश्व विद्यालयलाई हाल सम्म चिनियाँ बौद्ध यात्री ह्वेन सांगको देश चीन, त्यसपछि जापान र सिंगापुरले हर प्रकारले सहयोग गर्ने वचन वद्धता ब्यक्त गरेको छ ।

पुनः स्थापित नालन्दा विश्व विद्यालय पुनः"ज्ञानको केन्द्र होस्, हजार बर्ष बाँचोस् यही शुभकामना ।" भवतु सब्ब मंगलं ।

chhatrarshakya@gmail.com

### सन्दर्भ ग्रन्थ सूची (Bibliography)


1. Ghosh, A., Nalanda, Archaeological survey of India, New Delhi, 1996 (Sixth Edition).
2. Malalasekera, G.P., Encyclopaedia of Buddhism, The Department of Buddhist Affairs, Ministry of Budhhasasana, Srilanka, 2003.
3. Majupuria, Trilokchandra, Holy Places of Buddhism in Nepal and India, Tecpress Survice L.P., Bangkok, Thailand, 1987.
4. Website : www.nalandauniv.edu.in/abt history.html




# हसना बचत तथा ऋण सहकारी संस्था लि.

बलम्बु–२ (भास्तिपुर) काठमाडौं, फोन: ४३१६१७३, फ्याक्स: ४३१६१७४
Email: hasana2065@gmail.com

दर्ता नं. २०४६/०६५-०६६

एक होइन सबै सबल बनौं ।

*पापको फल भोग्नरू नपरेसम्म मूर्खले आफुले गरेको खराब कामलाई महजस्तो ठान्दछ । तर पापको फल भोग्नरूपर्दा दु:खित हुन्छ । – धम्मपद, ६९*

**मुद्दती वचतमा १३ प्रतिशत ब्याज**

**दैनिक वचतमा ६.५ प्रतिशत ब्याज**

# बलम्बु च्याउ सहकारी संस्था लि.

**बलम्बु, काठमाण्डौ**

बलम्बु–६, काठमाण्डौ, फोन नं. ४३१४८४४,
इमेल: bmc_coperative@yahoo.com



नियात्रा

# श्रावस्तीको काखमा भावनाको मोहकता : १

✍ घनश्याम राजकर्णिकार

**श्रावस्ती जान अघि**

भगवान् बुद्धले टेक्नुभएको ठाउँ, गाउँ, बस्तीतिर गएर सुँघेर म आफूलाई कृतकृत्य गर्न चाहन्छु । यही सिलसिलामा मैले २०५८ साल चैत १३ गते बौद्धतीर्थ यात्रा गरेको थिएँ र त्यसबेला नालन्दा, राजगिर, बोधगया, सारनाथ, कुशीनगर र लुम्बिनीको विस्तृत भ्रमण गरेको थिएँ । त्यो बेला भगवान् बुद्धको प्रियस्थल श्रावस्ती पनि जाने कुरा थियो तर के कसो भएर हो त्यो कार्यान्वयन हुन सकेन र म श्रावस्ती पुग्नबाट बञ्चित भई नै रहेँ । दिनहरू बित्दै गए, म श्रावस्ती पुग्नबाट बञ्चित भइरहेँ । यो स्थिति दशवर्षसम्म यथावत् रह्यो । बीचबीचमा यदाकदा श्रावस्ती जाने विचार नगरेको पनि होइन तर मेरो पवित्र विचारलाई मैले यथार्थमा परिवर्तन गर्न सकेको थिइनँ । वस्तुतः श्रावस्तीसम्म सुगमता साथ पुग्ने बाटो मैले पहिल्याउन सकेको थिइनँ । श्रावस्ती पुगेर आएका एकजना बौद्ध उपासकको दिशा निर्देशानुसार मैले के थाहा पाएँ भने भैरहवाबाट लोकल जिप वा रिक्सा चढी सुनौली पुग्ने, सुनौलीबाट बस चढी गोरखपुरसम्म जाने, गोरखपुरबाट बस वा ट्रेन चढी गोण्डामा ओर्लने, गोण्डाबाट बस वा ट्रेन चढी बलरामपुर पुग्ने, अनि बलरामपुरबाट बस वा टेम्पो चढी श्रावस्ती पुगिन्छ । यो सुन्दा मैले जिब्रो काढेँ र श्रावस्ती जाने मेरो धोको केवल धोकोमैं सीमित भइरह्यो । एक हिसाबले भन्ने हो भने श्रावस्ती जान मैले आँट गर्नै सकिनँ ।

त्यसपछि २०६८ सालको कार्तिक महिनातिरको कुरा हो, एकदिन मैले श्रद्धेय मैत्री भन्तेलाई श्रावस्ती जाने आफ्नो मनको धोको व्यक्त गर्दै त्यहाँ पुग्न यातायातको झमेला बारे मनको बह पोखेँ । मेरो कुरा सुनेर, मुसुमुसु हाँस्दै भन्तेले भन्नुभयो- 'ए ! घनश्याम दाइ, किन धन्दा मान्नुभएको, म तपाईँलाई सजिलैसँग श्रावस्ती पुऱ्याइदिने इन्तजाम गरिदिन्छु ।'

(सम्पर्कमा रहेका कोहीकोही भन्तेहरूले उमेरमा जेष्ठताको नाताले मलाई 'घनश्याम दाइ' भन्ने गर्नुहुन्छ, यद्यपि यो सम्मान शब्द सुन्दा मलाई अलि असजिलो नहुने पनि होइन ।) भन्तेले अझ प्रस्ट पार्दै भन्नुभयो- 'घनश्याम दाइ प्लेनबाट भैरहवा आइपुग्दा, श्रावस्ती जाने गाडी एयरपोर्टमा ठीक भइरहने छ, अनि त्यो गाडीले ४/५ घण्टामा श्रावस्ती पुऱ्याई, इच्छाअनुसार एक वा दुई रात त्यहीँ ठहर्ने छ अनि फर्कने दिन बिहान श्रावस्तीबाट त्यही गाडीले साँझ २/३ बजेतिर भैरहवा पुऱ्याई दिनेछ अनि साँझको प्लेनबाट ५/६ बजे काठमाडौं पुगिहालिन्छ ।

श्रद्धेय भिक्षु मैत्री महास्थविरज्यूको यो तारतम्य सुन्दा म निकै उत्साहित भएँ र यातायातमा अलि बढी खर्चिनु परे पनि मैले श्रावस्ती जाने निधो गरेँ र २०६८ साल चैत महिनाको २७ गते आइतबार बिहान १० बजे बुद्ध एअरबाट आधा घण्टामा भैरहवा पुगेँ र मलाई कुरिरहेको भारतीय गाडी करिब ११ बजे श्रावस्तीको लागि प्रस्थान गऱ्यो र साँझ ५ बजेतिर श्रावस्ती पुग्यौं । त्यसपछि साँझ ६ बजेदेखि बेलुकी ८ बजेसम्म र भोलिपल्ट बिहान र दिउँसो श्रावस्तीको उद्यानमा म रूमलिरहेँ ।

**अतीतको गर्भमा हराउँदै श्रावस्ती**

सर्वप्रथम श्रावस्ती पुगेर त्यहाँ देखे सुनेका कुराहरू र मेरा आफ्नै अनुभव र अनुभूतिलाई खोतलेर लेख्नु अघि यस ठाउँको गरिमामय बुद्धकालीन ऐतिहासिक पृष्ठभूमि छोटकरीमा प्रस्तुत गर्नु उचित सम्झेको छु । बुद्धधर्मका आठओटा महातीर्थहरूमध्ये श्रावस्ती पनि एउटा प्रमुख तीर्थस्थल हो । धेरै समयसम्म शाक्तिशाली कौशल देशको राजधानी बनेको श्रावस्ती भगवान् बुद्धको समयमा प्रसिद्ध राजा प्रसेनजित यही सहरमा बसी राज्य सञ्चालन गर्थे । भगवान् बुद्धले त्यसबेला यहाँको जेतवन विहारमा धेरै समय बिताउनुभएको थियो र उहाँले २४ पटकसम्म वर्षावास यहीँ बस्नुभएको थियो । जेतवन विहारमा आश्रम गरिहनुहुँदा समयसमयमा भगवान् बुद्धले बुद्धधर्मबारे, सद्धर्मबारे धेरै

महत्वपूर्ण प्रवचनहरू दिनुभएको थियो । प्रसिद्ध बौद्धग्रन्थ मज्झिमनिकायका १५० ओटा सूत्रहरूमध्ये ६५ ओटा र विनयपिटक ग्रन्थका ३५० शिक्षापदहरू मध्ये २९४ ओटा यहीँ बसेर प्रतिपादन गर्नुभएको थियो । यस्तो महत्वपूर्ण वैभवशाली सहर श्रावस्ती पछिल्ला दिनहरूमा समयको पाङ्ग्रो घुमिरहँदा हराउँदै बिलाउँदै धेरै वर्षसम्म अतीतको गर्भमा विलीन हुनपुगेको थियो । तैपनि येनकेन प्रकारेन १२औं शताब्दीसम्म यो सहर कुनै न कुनै रूपमा बौद्ध जगतको क्षेत्र बनिरहेको थियो । त्यसबेलासम्म राजा प्रसेनजितको दरबारको केही अंश र जेतवन विहारको मन्दिर, विहार, गुम्बा, स्तम्भहरूका केही अवशेषहरू बाँकी थिए । तर गुप्तकालको समयमा भने श्रावस्ती सहर र जेतवन विहारको गौरव नष्ट हुने क्रम अघि बढ्दै गयो । प्रसिद्ध चिनियाँ यात्री फाहियानको यात्रा वृतान्तबाट यस कुराको पुष्टि स्पष्ट रूपमा हुन्छ । अझ २०० वर्षपछि बौद्ध अवशेष बाँकी रहेको श्रावस्तीमा पदार्पण गर्ने अर्को चिनियाँ यात्री ह्वेनसाँगको यात्रा वर्णनबाट यो सहरको अस्तित्व प्राय नष्ट, निर्जन र जनशून्य भैसकेको थाहा हुन्छ । केवल एक डेढसय जति घर छाप्रोमा अतीतको वैभवशाली श्रावस्ती सीमित हुनपुगेको कुरा ह्वेनसाँगले आफ्नो यात्रा वर्णनमा उल्लेख गरेका छन् ।

**बुद्धधर्मका आठओटा महातीर्थहरूमध्ये श्रावस्ती पनि एउटा प्रमुख तीर्थस्थल हो । धेरै समयसम्म शाक्तिशाली कौशल देशको राजधानी बनेको श्रावस्ती भगवान् बुद्धको समयमा प्रसिद्ध राजा प्रसेनजित यही सहरमा बसी राज्य सञ्चालन गर्थे । भगवान् बुद्धले त्यसबेला यहाँको जेतवन विहारमा धेरै समय बिताउनुभएको थियो र उहाँले २४ पटकसम्म वर्षावास यहीँ बस्नुभएको थियो ।**

### जेतवन विहारको प्रादुर्भाव

त्यसपछि हाल आएर श्रावस्तीको प्राचीन वैभव प्रकाशितगर्ने काम सर्वप्रथम अङ्ग्रेज पुरातत्वविद् जनरल अलेक्जेन्डर कनिङ्घम (General Alexander Cunnigham) ले सन् १८६२ मा गरेका थिए । उनको विस्तृत उत्खनन्‌बाट हालको महेठ भन्ने ठाउँमा श्रावस्ती सहरका भग्नावशेष खण्डहरहरू र यसको पूर्वपट्टि हालको सहेठ भन्ने ठाउँमा जेतवन विहारका अवशेषहरू प्राप्त भएका थिए । तत्पश्चात् जेतवन विहारमा एकपछि अर्को महत्वपूर्ण शिलालेखहरू, स्तम्भहरू, खण्डहरहरू, बुद्धमूर्तिहरू प्राप्त हुँदैगयो । जसबाट जेतवन विहारले हालको हँसिलो चेहरा उघार्न पाएको सत्यरूपमा प्रस्फुटित भइरहेको छ ।

बौद्ध साहित्यमा जेतवन विहारको महिमा अपरम्पार छ । हाल बौद्ध तीर्थयात्रीहरूको लागि श्रावस्ती र जेतवन विहार पर्यायवाची शब्द भएका छन् । अतः बौद्ध तीर्थयात्रीहरू श्रावस्ती पुग्नासाथ उनीहरूको पहिलो प्रमुख गन्तव्य स्थान नै जेतवन विहार हुनेगर्छ । यो जेतवन विहारबारे जति-जति हामीलाई अतीतका कुराहरू थाहा हुँदै जान्छ उति उति यहाँ पुग्दा वा पदार्पण गर्दा हामी उल्लसित र विस्मयचकित हुँदै जान्छौं । श्रावस्तीका एकजना धनाढ्य व्यक्तिले भगवान् बुद्धको प्रवचन सुनेपछि कसरी जेतवन विहारको प्रादुर्भाव गरे त्यसलाई इतिहासको झ्यालबाट हेरेर मैले यहाँ छोटकरीमा प्रस्तुत गर्दा घृष्टता गरेको नठहरिएला ।

एकचोटी यस सहरका सर्वश्रेष्ठ धनी सुदत्त आफ्नो व्यापारको सिलसिलामा राजगिर पुगेका थिए । सुदत्त व्यापारी भए पनि दानी थिए, दयालु थिए । उनी अनाथहरूलाई पिण्ड (भोजन) दिन्थे । त्यसैले उनको नाम नै अनाथपिण्डक रहनगयो । राजगिरमा रहँदा संयोगवश उनले त्यहाँको वेणुवनको कलन्दकनिवासमा भगवान् बुद्धको प्रवचन सुन्ने मौका पाए । तथागतको पहिलो प्रवचनबाटै अनाथपिण्डक खुसीले गद्‌गद् भए र बुद्धको शरणमा लीन भए । उनले भगवान् बुद्धसमक्ष आफ्नो जन्मभूमि श्रावस्तीमा फर्की एउटा उपयुक्त बगैँचामा विहार बनाई दान दिने मनसाय पोखे । भगवान् बुद्धले "अनाथपिण्डक ! तिम्रो भावनालाई म बुझ्छु । तिमीले दिने भनेको दानलाई म स्विकार्छु । तिम्रो दानबाट तिमीलाई मात्र होइन धेरैलाई मङ्गल हुनेछ" भन्नुभयो । त्यसपछि अनाथपिण्डक श्रावस्ती गई उपयुक्त ठाउँको खोजीमा चारैतिर घुमे । घुम्दाघुम्दै एकदिन राजा प्रसेनजितका छोरा जेत राजकुमारको रमणीय बगैँचा देखे । उनले राजकुमारसमक्ष त्यो बगैँचा किन्ने मनशाय पोखे । राजकुमारलाई त्यो बगैँचा असाध्य मन पर्ने थियो र त्यसलाई बेच्ने कुरै गरेनन् । तर अनाथपिण्डकले प्रत्येक दिन राजकुमार कहाँ गई बिन्ती भाउ गर्दै ढिपी गर्न छोडेको होइन । केही नलागेपछि जेत राजकुमारले कठोर सर्त राख्दै भने- "अनाथपिण्डक ! म तिमीलाई मेरो

बगैँचा त्यसबेला दिनेछु जब तिमीले यसलाई असर्फी नै असर्फीले ढाक्ने छौ ।" बगैँचाको यस्तो चर्को मूल्य सुनेर अनाथपिण्डक कति विचलित भएनन् बरू राजकुमारको बगैँचा पाउने भो भनेर खुसी हुँदै भोलिपल्ट बिहानदेखि गाडाका गाडा असर्फीहरू ओसार्न लगाएर बगैँचामा स्वर्णमुद्राहरू बिछ्याउन थाले । बगैँचामा एकचौथाई भाग मात्र स्वर्ण मुद्राहरू बिछ्याउन बाँकी रहँदा जेत राजकुमारको मनमा पनि धर्मप्रति आस्थाजाग्यो र अनाथपिण्डकको पुण्यकार्यमा आफू पनि सहभागी हुन अरु मुद्राहरू बिछ्याउन रोकी राजकुमारले अनाथपिण्डकलाई बगैँचा सुम्पिदिए । जेत राजकुमारको सौहार्द्रताप्रति अनुगृहित हुँदै त्यस बगैँचाको नाम नै राजकुमारको नाम झल्कने गरी जेतवन विहार राखे । त्यसपछि अनाथपिण्डकले जेतवन विहारमा एउटा भव्य सुन्दर विहार बनाई सो ग्रहण गर्न भगवान् बुद्धलाई निमन्त्रणा चढाए । त्यसबेला भगवान् बुद्ध कपिलवस्तुमा हुनुहुन्थ्यो । अनाथपिण्डकको निमन्त्रणा स्वीकार गरी भगवान् बुद्ध भिक्षुहरू साथ श्रावस्ती आई अनाथपिण्डकको जेतवन विहार ग्रहण गर्नुभयो । लगतै जेतवन विहार एउटा यस्तो पवित्र तथा महत्वपूर्ण स्थल हुनगयो जहाँ बुद्धसँग सम्बन्धित धेरै प्रसङ्गहरू बौद्ध साहित्यमा यत्रतत्र पाइन्छन् ।

**जेतवन विहार पुग्दाको रामकहानी**

श्रावस्तीको जेतवन विहारबारे ज्ञानगुनका अरु पनि धेरै कुरा पढेर थाहा पाएको छु । मुख्य कुरा आठदश वर्ष अघिदेखि जान चाहेको तर पुग्न नसकेको श्रावस्तीमा म सुविस्ता साथ त्यहाँ पुग्न पाउँदा म आनन्दले विभोर हुँदैथिएँ । मेरो यो यात्रालाई सुविस्तासाथ सफलिभूत तुल्याउनु हुने श्रद्धेय मैत्री भन्तेलाई मनमनै मैले धेरैचोटि सम्झिरहैँ । श्रावस्ती पुग्नासाथ भन्तेज्यूले बास बस्न मिलाइदिनुभएको त्यहाँको श्रीलङ्का विहारमा घुसैँ । श्रीलंका विहार त जेतवन विहार छिर्ने मुख्य द्वारको ठीक अगाडि पर छेउमा रहेछ । यसले मलाई मनमा झन न्यानो अनुभूति दियो । मैत्री भन्तेज्यूले मलाई श्रीलंकाविहारको गेष्टरूममा बस्ने बन्दोवस्त मिलाइदिनुभएको थियो । उहाँको पत्र श्रीलंका विहारमा प्रस्तुत गर्नासाथ सद्व्यवहारसाथ सजिलैसँग आरामदायी कोठामा बास बस्न पाउने भएँ । लगतै त्यहाँका मुख्य भन्तेसँग पनि शिष्टाचार भेटघाट भयो । त्यसपछि ६/६:३० बजेतिर जेतवन विहार जान तम्सैँ । १०/१२ वर्ष अघिदेखि जान रूचाइरहेको तर पुग्न नसकेको ठाउँ श्रावस्तीको जेतवनविहारभित्र पस्न श्रीलंका विहारबाट निस्केर बाटोमा हिँडिरहँदा मेरो मन पुलकित भइरह्यो । भगवान् बुद्धले धेरै वर्षसम्म बसी आफ्नो जीवन कालमा महत्वपूर्ण प्रवचन दिनुभएको पवित्र ठाउँ जेतवन विहारभित्र पस्न पाउने क्षण नजिकिंदा यो मेरो सुकर्मको उत्तम क्षण हो जस्तो लागिरह्यो । जेतवन विहारभित्र पस्नु अगाडि मूल ढोकातिर बेच्न राखिएको 'Shravasti-Then and Now' नामक पुस्तकमा मेरो आँखा पऱ्यो । यसलाई पल्टाएर सरसर्ती हेर्दा जेतवन विहार निर्माण-अवशेषहरूको राम्ररी परिचय दिएको देखैँ । त्यतातिर गाइडको व्यवस्था छ छैन, थाहा छैन । तर यो पुस्तकमा मेरो दृष्टि जानु भनेको नै 'के खोज्छस् काना आँखा' भइहाल्यो । भोलिपल्ट दिनभरि जेतवन विहार सुँघ्न यो पुस्तिका गाइडबुक हुने ठानी किनैँ । यो पुस्तक पाउनासाथ मैले मनमनै भनैँ- "ओ हो ! मजा हुने भो मलाई ! राम्रो कुरा चिताउनु मात्र पर्छ राम्रो अवसर जुरी हाल्दोरहेछ ।" मुख्यद्वारबाट जेतवनविहारभित्र छिर्नासाथ मेरो मुटु धक्क फुल्यो । धेरै वर्षसम्म भगवान् बुद्धले विहार गर्नुभएको यो जेतवन उद्यानले बौद्ध साहित्यमा महत्वपूर्ण पवित्र स्थान ओगटेको छ । यस्तो पवित्रभूमिमा पदार्पण गर्न पाउनु नै मेरो लागि सुख, सन्तोष र अहोभाग्यको कुरा हो । जेतवन विहारभित्र गइरहँदा कतै भगवान् बुद्धसँग जम्का भेट हुने हो कि भन्ने कल्पनामा म निमग्न भएँ । भावुक मन मन्दिरमा स्वस्थ कल्पना छाउँदा एउटा अर्कै किसिमको सुन्दर ज्योति प्रस्फुरण हुँदोरहेछ । मनमा अनेक किसिमका कुराहरू खेलाउँदै जेतवन विहारभित्र जाँदा जाँदै सर्वप्रथम एउटा पिपलको बोट सम्मुख पुगैँ । त्यहाँ म जस्तै जेतवन विहार घुम्न बडेमानको तीर्थयात्रीहरू चलबलाइरहेका देखैँ । यो पिपलको बोट नबिग्रोस् न भाँचियोस् भनेर लामा लामा स्टिलका डण्डीहरूले छेकबार र अडेस लगाएर बचाइराखेको देखैँ । त्यो पिपलबोटको ठाउँ ठाउँमा सम्मानपूर्वक राता पहेँला कपडाहरू चढाइराखेको र बीचभागमा केही फूलका गुच्छाहरू देखैँ । त्यसबेला मेरा नेत्रद्वयले देखेका कुराहरू त्यति नै थियो । त्यो बोट वृक्ष बारे अरु मलाई केही थाहा थिएन अर्थात् त्यसबारे म सर्वथा अनभिज्ञ थिएँ । त्यसपछि म अघि बढैँ । ठाउँठाउँमा जेतवन विहारमा उत्खनन्बाट प्राप्त अवशेषहरू जे जस्तो अवस्थामा थियो त्यही रूपमा पक्की निर्माण गरी बचाइराख्ने प्रयास प्रशंसनीय छ । साँझ पर्दै आएपछि त्यहाँ तीर्थयात्रीहरू पातलिँदै जानु

स्वाभाविकै थियो । प्रसिद्ध हिन्दू मठमन्दिरमा साँझतिर अक्सर पूजा, पाठ, आरती वा ठूलठूला स्वरमा मन्त्रोच्चारण गर्ने गरिन्छ । तर श्रावस्तीको जेतवन विहारमा त्यस्ता क्रियाकलाप नभई त्यहाँका महत्वपूर्ण अवशेष निर्माणहरूको यताउता चारैतिर दियो बाल्ने रहेछ । शान्तिनायक बुद्धलाई श्रद्धा भाव देखाउन केवल शान्तसँग दीपप्रज्वलन गरेको मलाई असाध्य राम्रो लाग्यो, हिसी लाग्यो, मनमोहक लाग्यो । म आफैँ पनि दिनहुँ पूजा कोठामा परमप्रभु परमेश्वर तथा भगवान् बुद्धलाई फूल अक्षता, नैवेद्य चढाएर पूजा गर्ने गर्दिनँ बरू दियो बालेर, दियो चढाएर असीम श्रद्धाभाव व्यक्त गर्ने गर्दछु । साँच्चै मेरो धार्मिक क्रियाकलापको तादात्म्य श्रावस्तीको जेतवन विहारमा समायोजन भइरहेको देख्दा म फुरफुर भइरहेँ । मेरो चेतनाको सही मूल्यांकन यसरी जेतवन विहारमा भइरहँदा मलाई अपरिमेय आनन्दको अनुभूति भइरह्यो । अर्थात् ईश्वरप्रति तथा भगवान् बुद्धसमक्ष टक्र्याउने गरेको मेरो श्रद्धासुमन सही अर्थमा उपयुक्त भइरहेको जस्तो मैले ठानेँ ।

**यात्रामा मुख सुँगुरको**

घडी हेर्छु सुइले ८ बजिसकेको देखाइरह्यो । भएन अब फर्कुँ भन्ने विचारले फर्किहालेँ । भोलि बिहान सबेरै यो उद्यानमा फेरि आउने विचारमा म निमग्न भएँ । जेतवन विहारबाट बाहिर निस्कि कसैलाई सोधपुछ नगरी खान खाने ठाउँ रेष्टुराँ कतै छ कि भनी यसो यताउता हेरेँ । तर त्यतातिर काँठ जस्तो ठाउँ मात्र रहेछ । यस्तो ठाउँमा स्तरीय रेष्टुराँ होला जस्तो मलाई लागेन । त्यतैतिर बाटोको एक छेउमा एउटा सानो गाउँले पाराको एउटा रेष्टुराँ देखेँ । त्यहाँ ग्राहकहरूलाई चाउमिनहरू तातताते बनाउँदै दिइरहेको देखेँ । यात्रामा जाँदा आफूले भनेजस्तो खाना खान पाइँदैन । एउटा उक्ति छ यात्रा गर्दा यात्रीको आँखा बाजको , कान गधाको, अनुहार बाँदरको, बोली माहुरीको, पिँठ्यू उँटको, मुख सुँगुरको र खुट्टा हरिणको हुनुपर्छ । यसमा मुख सुँगुरको हुनुपर्छ भने झैँ त्यहाँ जे पाइयो त्यसैमा सन्तोष लिँदै त्यो साधारण पसलको तात्तातो चाउमिन, आलुतरकारी र चियाले पेट भरेँ । त्यसपछि आफ्नो वासस्थान श्रीलंका विहारमा गई केहीबेर अघि किनेको Srawasti- Then and Now भन्ने पुस्तक पढ्न थालेँ । ओ हो ! यो पुस्तकले छोटकरीमा जेतवन विहारभित्रका अवशेष खण्डहरहरूबारे मलाई यथेष्ट सूचना प्रवाह गरिदियो । साँच्चै मलाई त 'अगःचा मालाः देगःचा लुल" (नेवारी उखान जसको मतलब 'ढुंगा खोज्दा देउता मिल्नु') नै भैदियो । अन्यथा जेतवन विहारको मेरो घुमाई केवल लाटाले केरा हेरेझैँ हुन्थ्यो होला ।




**बुद्धको जन्मभूमि राष्ट्र नेपालमा सुख-शान्ति फैलिरहोस् ।**
**सम्पूर्ण नेपालीहरूमा धार्मिक चेतना विकास होस् ।**

CANON 2066

**क्यानन् बचत तथा ऋण सहकारी संस्था लि.**
स्वयम्भू-१५, सानो भऱ्याङ्, काठमाडौं

**बुद्धलाई सम्झँदै ध्यानमा निमग्न भएँ**

भोलिपल्ट विहान ५:०० बजे नै त्यो गाइडबुक साथमा लिई जेतवन विहारभित्र पसेँ । त्यसबेला कोही कुनै यात्रीहरू थिएनन् । म एक्लै थिएँ । लगतै मलाई त्यहाँ एक तमासको डरको भावना हुन थाल्यो । तैपनि आफैले आफैलाई सान्त्वना दिँदै मनलाई दह्रो पार्दै थिएँ । किनभने भगवान् बुद्धको यस्तो पावन भूमिमा पाइला टेक्नुनै पुण्य कर्म हो जस्तो लागिरह्यो । यस्तै यस्ता कुरा सोच्दै हिँडिरहेको थिएँ । जसरी हिजो साँझ सर्वप्रथम म जेतवन बिहारको सामुन्ने रहेको एउटा बडेमानको रूख सम्मुख पुगेको थिएँ आज बिहान पनि त्यहीँ पुगेँ । त्यहाँ सुनसान थियो । हिजो मेरो लागि त्यो केवल एउटा रूख मात्र थियो तर आज त्यसले मेरो मन-मन्दिरमा अर्कै रूपधारण गरिसकेको थियो । मसँग भएको गाइडबुक पढेर हिजो राति नै त्यो रूखबारे मैले निकै गहकिला पवित्र कुराहरू थाहा पाइसकेको हुन्छु । भनिन्छ, त्यो बुद्धकालीन महत्वपूर्ण वृक्ष हो । जेतवन विहारमा भगवान् बुद्ध अक्सर वर्षा ऋतुमा बसी वर्षाबास बिताउनुहुन्थ्यो अनि अरुबेला विभिन्न सहर, गाउँ, ठाउँमा घुमी उपदेश दिँदै जानुहुन्थ्यो । त्यसैले जेतवन विहारमा आउने उपासक उपासिकाहरूले एक दिन बुद्धसमक्ष उहाँको अनुपस्थितिमा संस्मरण गर्न, उपासना गर्न कुनै एउटा चिन्हको लागि याचना गरे । उनीहरूको प्रार्थना स्विकार गरी भगवान् बुद्धले हरदम आफूसँग रही आफ्नो हेरचाह गर्ने आनन्द भन्तेलाई बोधगयाको बोधिवृक्षको एक शाखा ल्याई त्यहाँ एक ठाउँमा लगाउने आज्ञा गर्नुभयो । बुद्धको इच्छाअनुसार बोधगयाबाट भिक्षु महामौदगल्यायनले महाबोधिवृक्षको कलमी ल्याइयो र त्यसलाई एक धार्मिक समारोहकाबीच जेतवन विहारका दाता अनाथपिण्डकले वृक्षारोपण गरे । त्यसबेलादेखि त्यस वृक्षलाई आनन्द बोधिवृक्ष भनियो र यसको महता जगाउन त्यहीँ भगवान् बुद्ध एकदिन रातभरि ध्यानावस्थामा बस्नुभयो ।

क्रमशः ......

## वृद्धाश्रमलाई सहयोग

दिवंगत भिक्षु सुमंगल महास्थविरबाट स्थापित तथा हाल बुद्धविहार भृकुटीमण्डपबाट संरक्षित बनेपाको बौद्ध वृद्धाश्रमलाई भौतिक पूर्वाधार, आश्रम संचालनार्थ कुनैपनि रूपमा श्रद्धालु दाताहरूबाट सहयोग गर्न सक्नुहुन्छ, यहाँहरूको आर्थिक सहयोगले मात्र आश्रमलाई निरन्तरता दिन सकिने भएकाले वृद्धाश्रम सहयोगको अपेक्षा राख्दछ ।

यसैक्रममा वृद्धाश्रमका लागि सहयोग गर्ने निम्न दाताहरूलाई वृद्धाश्रमको तर्फबाट हार्दिक साधुवाद व्यक्त गर्दछ ।

१) अनागारिका ञाणवती, प्रज्ञानन्दाराम, ल.पु.बाट रू. ५,००५। (पाँचहजारपाँच)

२) अनागारिका अग्गञाणी, ध्यानकेन्द्र, शंखमूलबाट रू. २,०००। (दुईहजार)

३) श्री अष्ट तथा रत्नदेवी धाख्वा, नागबहालबाट रू. २,०००। (दुईहजार)

४) धनबहादुर नकर्मी, ढल्को (दि. उपासिका रत्नशोभाको स्मृतिमा रू. २,०००। (दुईहजार)

५) मदन बहादुर तथा नानीमैयाँ नकर्मी, रातोपुलबाट रू. २,०००। (दुईहजार)

६) विष्णुरत्न शाक्य, ल.पु.बाट चामल २० केजी, चिउरा ४ केजी, दाल २ केजी, रुमाल, साबुनलगायत खाद्यसामग्री ।

**अध्यक्ष, भिक्षु कोण्डन्य**

**बौद्ध वृद्धाश्रम, बनेपा**

**फोनः ०११-६६२८४९, (तीन दोबाटो हुँदै नालाजाने ध्यानमार्ग)**

**नगर सम्पर्क : बुद्धविहार भृकुटीमण्डप, फोनः ९८५१०४६१८८, ४२२६७०२**



# नेपालको सन्दर्भमा बुद्धधर्ममा शिक्षागत एकताको खाँचो

✍ शुभरत्न शाक्य

> **मानिस कुकुरभन्दा पनि खराब छ । कुकुरलाई जति गालिगलौज कुटपिट गरे पनि फेरी माया गऱ्यो भने पुच्छर हल्लाएर आउँछन् तर मानिस आफ्ना आमाबुबा र गुरुको एउटा गल्तीलाई समातेर सम्बन्ध बिगार्नलाई लागि परेका हुन्छन् । समग्रमा विश्लेषण गर्दा हामीले सबै धर्म र दर्शनको एकेडेमिक वा स्वाध्ययन गर्नुपर्ने देखिन्छ ।**

धर्मको धेरै अर्थहरू छन् । तर बुद्ध-शिक्षालाई धर्मको रूपमा लिएर कुरा गर्नुपर्दा नेपालमा शिक्षागत एकताको खाँचो धेरै देखिएको छ । एक सम्प्रदायले आफ्नो सम्प्रदायको आवश्यक सबै ग्रन्थहरूको अध्ययन गरेपछि बहुश्रुतको लागि अन्य सम्प्रदायहरूको ग्रन्थहरू पनि अध्ययन गर्नु आवश्यक छ । बुद्धकालीन समयदेखि नै श्रावक बुद्धयान, प्रत्येक बुद्धयान र बोधिसत्वयान भनेर तीनप्रकारका बाटाहरू थिए । प्रसङ्ग अनुसार श्रावक बुद्धयानलाई थेरवाद र बोधिसत्वयान पारमितानयमा लाग्नेलाई माहायान र मन्त्रनयमा लाग्नेलाई वज्रयान भन्ने गरिन्छ । यहाँ उठाउन खोजेको विषय के हो त भन्दाखेरी वज्रयान गुरूज्यूहरूले पनि थेरवाद बुद्धधर्मसम्बन्धी ग्रन्थहरूलाई अध्ययनगर्नु पर्छ र बोधिसत्वयानको ग्रन्थहरूलाई थेरवादी बौद्धहरूले अध्ययन गर्नुपर्छ । यसै कुरालाई यहाँ शिक्षागत एकता भनिएको हो । लामाहरूको गुम्बामा "लोब्दा" विद्यालय र "सेद्रा" विश्वविद्यालय रहेको हुन्छ । यहाँ लोब्दाका विद्यार्थीहरूलाई थेरवादको ग्रन्थहरू अध्ययन गराइन्छ । सेद्रामा बोधिसत्वयान र ३ वर्ष ३ महिना ध्यान गर्ने बेलामा तन्त्रयानको अभ्यास गराइन्छ । अध्ययन पुरा भएपछि "आचार्य", "खेन्पो" उपाधिहरू दिइन्छ । नेपाल सरकार शिक्षामन्त्रालय र सँस्कृति मन्त्रालयबाट संयुक्त रूपमा हालै निर्मित शिक्षानीतिअन्तर्गत भएको निर्णयअनुसार नेपाल सरकारले "आचार्य"लाई मानविकीअन्तर्गत बुद्धशिक्षामा स्नातकोत्तरतह सरह र "खेन्पो" लाई विद्यावारिधितह सरह सम्मान प्रदान गरेको छ । तर विभिन्नकारणवश कतिपय बौद्धहरूले बुद्धधर्मको अध्ययन गर्ने क्रममा एकलयानको मात्रै अध्ययन गर्ने र एकले अर्काको विरोध गर्दै आएका पनि छन् । वास्तवमा एकले अर्कालाई विरोध गर्नुपर्ने कुनै कारण छैन भनेर सद्धर्मपुण्डरीक सूत्रको औपम्य परिवर्तमा यान भनेको एउटै मात्र छ, त्यो एक बुद्धयान हो भनेर स्पष्ट पार्न खोजेको छ । कतिपय तिब्बति आचार्यहरूले आफू बोधिसत्वयान होइन थेरवाद हो किनकि आफू बोधिसत्वतहको सोच अहिलेसम्म ल्याउन सकेन भनेर भन्नेहरू पनि छन् ।

हामीले सबै विषयहरूको अध्ययन गर्नु नै नेपालमा भूमि सुहाउँदो बौद्ध बन्नु हो । चलनचल्तीमा सारनाथमा पहिलो धर्मचक्र प्रवर्त्तन गरेको, गृद्धकूट पर्वतमा दोश्रो धर्मचक्र प्रवर्त्तन महायानीहरूलाई गरेको र धान्यकटकमा वज्रयानीहरूलाई गरेको मान्छन् । तर यो कुरालाई प्राय थेरवादकाभिक्षुहरूले विरोध जनाउँदै आएका छन् । डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरले "बुद्धले तीनपटक धर्मचक्र प्रवर्त्तन गरेको होइन" भनेर भन्नुभएको छ । उहाँ भगवान् बुद्धले जे गर्नुभएको भएतापनि नेपालको वर्तमान स्थितिलाई मध्यनजर गर्ने हो भने भिक्षुहरूमा पनि नेपालमा प्रचलित नवग्रन्थहरूको अध्ययन नितान्त आवश्यक देखिन्छ । किनकी नेपालमा परम्परागत रूपमा नै यस नवग्रन्थहरूको अध्ययन-अध्यापन, वाचन र प्रवचन हुँदैआइराखेको छ । तथापि त्रिभुवन विश्वविद्यालय, लुम्बिनी विश्वविद्यालयहरूमा बुद्धिस्ट स्टडिजभित्र सबै धर्म र दर्शनहरूको अध्यापन हुँदैआइराखेको छ । त्यहाँ पढ्नेहरूलाई केही भन्न आवश्यक मानिनं । तर विभिन्न कारणवश एकेडेमीक रूपमा बुद्धधर्मको अध्ययन गर्न छुटेका सबै बौद्धहरूलाई आफ्नो धर्म र सम्प्रदायको मात्रै अध्ययन नगरी सबै धर्म र दर्शनहरूको रूचीपूर्वक स्वाध्ययन गर्न हार्दिक अनुरोध गर्न चाहान्छु । कुनैपनि धर्मदर्शन पूर्णरूपमा राम्रो वा नराम्रो हुँदैन । त्यसैले राम्रोलाई छानेर नराम्रोलाई पन्छाएर पढ्नु आवश्यक छ । यस्तो समानान्तर एकेडेमिक धार्मिक अध्ययनले निकट भविष्यमा हुनसक्ने धर्मयुद्धलाई पनि रोक्नसक्ने कुरामा विश्वस्त छु ।

बुद्धकालीन समयमा पनि कौशाम्बीमा विनयधर भिक्षु र धर्मकथिक भिक्षुबीचमा द्वन्द्व भएकोथियो ।

तत्कालीनकारण सामान्य भएपनि वास्तविक कारण विनयधर भिक्षुले सूत्रमा भएको मैत्रीकरुणाको राम्रो अध्ययन नगरेको र धर्मकथिक भिक्षुले विनयको राम्रो अध्ययन नगरेको देखिन्छ । पाल्पामा ५ वटा विहारहरू भएपनि भिक्षुहरू कोही छैनन् । हार्डवेयर छ सफ्ट वेयर छैन । त्यसको कारण केलाउँदै जाँदा त्यहाँका दाताहरूले धर्मलाई भन्दा विनयलाई ठूलो मानेको देखियो । वास्तवमा सबैभन्दा ठूलो विनय भनेको नै "मैत्री-भावना" हो भन्ने कुरालाई बुझ्नसक्ने हो भने पाल्पामा भिक्षुहरूको संख्या बढ्नसक्छ । आजभोलि नेपालमा जति पनि धर्मसम्बन्धी झगडाहरू छन्, सबै लफडा र बबालहरू विनयपिटकलाई राम्रोसँग बुझ्न नसकेको नै भएको हो भन्ने मेरो बुझाइ रहेको छ । बुद्धका अनुसार सबैभन्दा ठूलो विनय भनेकै मैत्री र करूणा हो । अंगुलिमाल, मिलारेपा, अम्बपाली आदिले मैत्रीकरूणालाई बुझेपछि नै निर्वाण प्राप्त गरेका हुन् । नेपालमा सानो सानो विनयका कुरालाई लिएर विवाद गर्ने । एउटा कुकुर भुकेपछि सबै कुकुर भुकेजस्तै भन्ते गुरुमाँहरूलाई विरोध गर्दैआएका छन् । उहाँ भन्ते गुरुमाँहरूमा मैत्री र करूणा छ कि छैन भन्दा पनि एउटा गल्ती कुनगऱ्यो भनेर आफ्नो समय बर्बाद पार्ने गरेका छन् । विनय भनेको कसैले लादेर हुने होइन आफैमा प्रस्फुरित हुने कुरा हो । डा. योगी विकासानन्द भन्नुहुन्छ, मानिस कुकुरभन्दा पनि खराब छ । कुकुरलाई जति गालिगलौज कुटपिट गरे पनि फेरी माया गऱ्यो भने पुच्छर हल्लाएर आउँछन् तर मानिस आफ्ना आमाबुबा र गुरूको एउटा गल्तीलाई समातेर सम्बन्ध बिगार्नलाई लागि परेका हुन्छन् । समग्रमा विश्लेषण गर्दा हामीले सबै धर्म र दर्शनको एकेडेमिक वा स्वाध्ययन गर्नुपर्ने देखिन्छ । अध्ययनलाई जति बलियो बनाउन सक्यो त्यति नै समस्याहरू सानो देखिने छन् ।

नेपालमा बुद्धधर्मका तीनवटा मात्रै होइन ३ भन्दा धेरै सम्प्रदायहरू छन् । विपस्सनाध्यान र महामुद्राअभ्यास ती सबै सम्प्रदायको अध्ययन गर्ने मास्टर की जस्तै बनेको छ । यहाँ चीन जापानको सम्प्रदायहरू पनि छन् । बोन्पो बुद्धधर्म पनि छन् । उनीहरू बुद्धलाई टोम्बा सेरव भन्छन् । मुख्य कुरा हामीमा श्रद्धा हुनु आवश्यक छ । श्रद्धा भनेको धागो जस्तै हो, जस्ले सबै ज्ञानरूपी फूललाई उनेर माला बनाउँछ । सबै धर्मले आफ्नो भगवान्लाई श्रद्धा गर भने, तर महावीर भन्नुहुन्छ श्रद्धालाई नै श्रद्धा गर्नु । यो श्रद्धाले नै मानिसलाई प्राप्तिको सर्वोत्तम अवस्थामा पुऱ्याउँछ । त्रिपिटकभित्र पनि सूत्र मात्रै पढ्ने, विनयमात्रै पढ्ने र अभिधर्म मात्रै पढ्नेहरू छन् । सारांशमै भएपनि सबै पढेको भए राम्रो हुन्छ जस्तो लाग्छ । हामीले कुनै एक मात्रै अध्ययन गऱ्यौं भने हाम्रो अध्ययन अन्धोहरूले हात्ती छामेजस्तै हुनसक्छ । त्यसैले त्यस्तो नहोस् भन्नको लागि समग्र ग्रन्थहरूको सारांशमा अध्ययन गर्नु आवश्यक छ । दर्शनशास्त्र पनि पुर्वी र पश्चिमी रहेका छन्। तिनलाई पनि अध्ययन गर्नु आवश्यक छ । आजभोलिको आधुनिक प्रविधिको प्रयोग पनि गर्न सकिन्छ । युट्युबमा ओशोले पूर्वी र पाश्चात्य दर्शनको तुलना गरेको प्रवचन सुन्नमा पाइन्छ । त्यस्तै विकिपिडिया अर्को सशक्त माध्यम हो । विकिपिडियामा बोधिसत्वहरूको विनयपिटक पनि राखेको छ । यसरी जतिजति अन्यधर्म र दर्शनको अध्ययन गरियो, त्यति नै हाम्रो ज्ञानको दायरा फराकिलो हुन्छ । कुन सम्यक् दृष्टी हो कुनमिथ्याहो छुट्टयाउन सकिन्छ । यसले जीवनजिउने नयाँनयाँतरिकाहरू पत्तालाग्दै अन्त्यमानिर्वाण र बुद्धत्वको बाटो पत्तालगाउन सकिन्छ ।

shakyashubha@gmail.com

बुद्धको जन्मभूमि राष्ट्र नेपालमा सुख-शान्ति फैलिरहोस् ।
सम्पूर्ण नेपालीहरूमा धार्मिक चेतना विकास होस् ।

सुनौलो कीर्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.
नगाउँ दोबाटो, नयाँ बजार, कीर्तिपुर



# यथार्थता

– राज शाक्य, ल.पु.

जन्मसँगै जन्मिने हो मृत्यु
मरणपर्यन्त बस्ने लपेटिएर
सक्छ कोही अमर भई बाँच्न
पञ्चतत्व शरीर धारण गरेर ।
पीर लिन्छौ किन मर्नु पर्छ भनी
जो छ विधान विधि अटल
धर्म अंगाली वीतराग बन
बुझी अनित्य छ संसार प्रतिपल ।
माया मोहमा डुब्छौ किन बेकार
मेरो परिवार आफन्तहरू भनेर
कोही आउँछ, मेरो पाप कर्म
बाँडी लेऊ भन्दा, अघि सरेर?
आफ्ना घर-परिवार सन्तानहरू भन्दा
सहायक हुँदा रहेछ मित्र सखा-सखो
रोगीमा निराश किन, धैर्यवान बन
लोकमा को छ दुःखरहित सुखी ।
स्वार्थमय संसारलाई शत्रु नबनाऊ
बस-मैत्री भाव कवच लगाएर
आर्जन गर विशुद्ध ज्ञान हतियार
बस्न सुशान्त, अज्ञान दम्भ चिरेर ।
अघि बढ राग द्वेष मौलिने जगतबाट
दया, करूणा, ममताको ढाल लिएर
सबको हृदयमा राख गर 'राज'
बुद्धको समता, प्रेम अर्ति अपनाएर ।




**बुद्धको जन्मभूमि राष्ट्र नेपालमा**
**सुख-शान्ति फैलिरहोस् ।**
**सम्पूर्ण नेपालीहरूमा धार्मिक चेतना**
**विकास होस् ।**

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**
बागबजार, काठमाडौं ३१, फोन : ०१-४२१९२५२



# तारा व बसुन्धरा :
## समन्वय व सहिष्णुताया दसु !

✍ लाभरत्न तुलाधर

**साधुवाद**

छुं समयन्ह्यो पिदंगु 'द्यो ला कि ताराद्यो' धैगु छम्ह ब्वमिया जिज्ञासा ब्वनेदत । निताजि तुतः ब्वनाःलि थःत जूगु दुविधा न्ह्यब्वयादीगुली सुभाय् । थम्हं मथूगु खँ न्यने छाःपिं भीथाय् तचकं म्हो । मथूसां थूपहः, मस्युसां स्यूपहःयाइपिं धाःसा गाक्कँ दयाच्वन । मेखेर, थःपिसं स्यूगु खँ मथूपिन्त थुइकाबीमाः धकाः न्ह्यचिलीपिं नं भं हे म्हो । उकिं मखा थःत धर्माधिकारी वा धर्मज्ञ धाइपिं गुरू वज्राचार्यपिं मध्येय् सुं छम्हसिया पाखें नं लिसः वा लिच्वःखँ ब्वनेमदयाच्वन । थ्व हे हुनिं थम्हं थूकथं छुं खँ न्ह्यब्वये ।

**देवीपिं निम्ह हे**

**'सद्धर्म कथा संग्रह'** स शीर्षक हे न्ह्यथनाताःकथं माने यायेगु खःसा श्री बसुन्धरा धैम्ह बुद्धमाता खःसा, श्री आर्यतारा धयाम्ह जगत जननी धकाः संज्ञा बियाताःम्ह जुल । बुद्धमानजुं न्ह्यथंगु तुतःकथं बसुन्धराया १०८ गू नां दुथें तारादेवीया नं उलि हे नां दुगु जक मखुलाकि तारादेवी धैपिं हे १०८ म्ह दु, गुकिया धलः उगु सफूया अन्तिम पृष्ठय् ब्वनेफु । अले १०८ गु नां दुम्ह आर्यतारा लाखे अमोघसिद्धि तथागतया शक्ति हँ । थुखेर बसुन्धरा देवी धयाम्ह प्रज्ञापारमिताया प्रतीकात्मक रूप जक हँ । प्रष्ट जू कि निम्ह देवीपिनि नां थें तुं ज्या व खँ सकतां बिस्कं हे । अथेसां तबि इमिगु तुतलय् सलय्बच्छि धैथें नां जोलानाच्वन् ।

> ........ **थुगु स्तोत्र भगवान् बुद्धं उजं जूगु ला ख हे मखुत, अथे धकाः अवलोकितेश्वरं चिनाताःगु नं मखु । बरू कालान्तरय् वसपोलपिनि करूणायुक्त उपदेशप्रति कृतज्ञता पिब्वयेकथं गुणज्ञ कविजनपिसं जनताया श्रद्धा व भक्ति च्वजायेकेत रचनायाःगु जुइमाः । थन लुमंकेमाःगु खँ छु धाःसा बुद्धया जीवनकालय् (२५००दँ न्ह्यो) तक महासांघिक या महायानी सम्प्रदायया पुसा हे मप्युनि । थुगु अवस्थाय् महीश्वरराज व यलया मेमेपिं धुरंधुर पण्डितसें च्वयातःथें बुद्धभाषित धयाजुइगु फय्गं सः सिद्ध जुइ ।**

**नामय् समानता आपालं**

थुलिजक मखु, यैँया इतुंबाहालय् दुने चुके च्वंगु छगः देगलय् स्वम्ह देवीपिनि मूर्ति स्वयेदु । म्हासुम्ह बसुन्धरा, तुयूम्ह प्रज्ञापारमिता व वाउँम्ह तारा । थुकथं बिस्कं हे रूप, मुद्रा, ज्वँसा, वर्णयापिं द्योया कथा व स्तोत्र ब्वनेबले छम्ह हे जक खःलाकि धैगु खँ मनय् लुइगु स्वाभाविक हे जुल । थुकिं निताखँया सम्भावना संकेत याइ । न्हापांगु, थुपिं देवीया परिकल्पना यानाः शास्त्रं हे प्रतिपादन याःपिं व थुपिं द्योसम्बन्धी तुतः रचना याःपिं मनू जक पाःगु मखु कि ई नं गुलिखे न्ह्यो व लिउयापिं जुइमाः । मेगु, छम्हस्या (रचना लिपा च्वःम्हेस्यां ब्वंगु मदु अथवा १०८ गू नां खाकेत त्यासाकाःगु जुइमाः ।) निगूगु खँ, थुपिं तुतःया रचयिता सुं वज्रयानी आचार्य मजुसे महायानी पण्डित जुइमाः । छाय्कि महायानया मूल आदर्श करूणा खःसा मुख्य दर्शन शून्यता जुल । उगु ईया प्रकाण्ड बौद्ध तार्किक व न्यायशास्त्रीपिनि न्ह्योने वैदिक दर्शन व संस्कृतिया तुलनाय् बुद्धधर्म हे उत्कृष्ट व वैज्ञानिक धर्मकथं प्रमाणित यायेगु चुनौति दयाच्वन । उकिं बौद्ध देवी बसुन्धराया तुतलय् नं चण्डी, ब्राह्मणी, वेदमाता, विश्वरूपिनी, महाकाली, रौद्री, कौमारी व सर्वमातृका थुजोगु शब्दं थाय्काल । थुगु अवस्थाय् शैव व शक्ति सम्प्रदायस प्रचलित चण्डी पाठ वा दुर्गा सप्तशतीलिसे न खँगो जोलानाच्वंसा अजू चाये म्वाः ।

**ऐतिहासिक पक्ष**

बसुन्धरा, आर्यतारा, प्रज्ञापारमिता व नामसंगीतिया अवधारणां अथवा महिमा थनिं २२००दँ न्ह्योनिसें प्रारम्भ जूगु खनेदु । महायानी परम्पराया न्हापांगु संगायना पेशावरय् भिक्षु वसुमित्रया सभापतिखय् सम्राट कनिष्कं आयोजना याकूगु जुयाच्वन । थनंलि मैत्रेयनाथ, बसुबन्धु, असंग, दिङनाग व नागार्जुन थुजोपिं तर्कशास्त्री-दार्शनिकपिसं आपालं बौद्धग्रन्थ संस्कृतं च्वयेगु ज्या न्ह्याकल । थुपिं हे ग्रन्थया आधारय् बोधिसत्व आदर्श प्रतिपादन जुल नापनापं मानवीय बुद्धयात आदिबुद्धया व्यक्तित्वं विभूषित यायेगु ज्या जूवन ।

**ख्वाः व ज्या ल्वयेक हने**

आर्यताराया तुतलय् वज्रपाणी ताराया सच्छिच्यागूनां कनेत इनाप याःकथं तारादेवीया उजं कयाः अवलोकितेश्वर (करूणामय) भगवानं ताराया अष्टोत्तर शतनाम कनाहल धकाः श्लोकं हे न्वखंकाच्वंगु दु-

**एवं मुक्तेथ भगवान प्रसन्नवलोकित ।।**
**न्यवलोक्यदिशः सर्वान् मैत्र्याचकृपयाहशा ।।२३।।**
**दक्षिणकर मुद्घृत्य पुण्यलक्षण मण्डितम् ।।**
**तमुवाच महाप्राज्ञ, साधुसाधु महातप ।।२४।।**

थथे च्वयाः ६०पु सिलः क्वचायेकाःलि '**बुद्धभाषित**' धकाः च्वयातःगुलिं आपालं मनूतय्त भगवान् बुद्धं हे तारासना कनाबिज्यात धैगु भ्रान्ति जूवन । उकिं पं. दिव्यवज्र वज्राचार्यजुं थम्हं टीका च्वःगु '**आर्यतारा संग्रह**' नांया नेपालीभाषाया सफुली मेमेपिसं च्वःथैं बुद्धभाषित मच्वसे '**तत्रतत्र सर्वबुद्धै रक्षायेष्यन्तिसर्वदा**' धैगु वाक्यं क्वचायेका बिज्यात । उकिं छु स्पष्ट जुइ धाःसा, थुगु स्तोत्र भगवान् बुद्धं उजं जूगु ला ख हे मखुत, अथे धकाः अवलोकितेश्वरं चिनातःगु नं मखु । बरू कालान्तरय् वसपोलपिनि करूणायुक्त उपदेशप्रति कृतज्ञता पिब्वयेकथं गुणज्ञ कविजनपिसं जनताया श्रद्धा व भक्ति च्वजायेकेत रचनायाःगु जुइमाः । थन लुमंकेमाःगु खँ छु धाःसा बुद्धया जीवनकालय् (२५००दँ न्ह्यो) तक महासांघिक या महायानी सम्प्रदायया पुसा हे मप्युनि । थुगु अवस्थाय् महीश्वरराज व यलया मेमेपिं धुरंधुर पण्डितसें च्वयातःथें बुद्धभाषित धयाजुइगु फय्गं सः सिद्ध जुइ ।

**लिसा व तपंःखँ**

मुलुकय् भन्दै दशकई व अरबौं तकाया मूल्यय् 'न्हूगु संविधान २०७२ पितबिउगु दु । बौद्ध राष्ट्र धाःसा ल्वइगु थासय् '**धर्मनिरपेक्ष राष्ट्र**' हे त्याजिक च्वःगु दु । थुकिं बहुसंख्यक नेपालीया चाहना व मुख्य दलतय्गु दायित्व पुरा जूथें खनेदत । तर निर्जीव भौतय् छापे जूगु थ्व शब्दावलि व्यवहारय् अभ्र नं जीवन्त यायेगु अभिभारा भी जनता व नेतातय्गु ब्वहलय् महसूस यायेमानि । कारण, आपालं शासक-प्रशासकवर्गयाके क्वपुलांगु हिन्दू संस्कार व सोच शैली उथेंतुं ल्यं दनि सा भी बुद्धमार्गी व बौद्ध गुरूवर्गयाके नं हिन्दू-पीडित मानसिकता व संस्कारया अवशेष काफीमात्राय् म्वानाच्वंगु दनि । थुकियात वाःचायेका सकल वर्ग थःथःगु थासं '**हिन्दू अधिराज्य**' या मखु धर्मनिरपेक्ष देशया मनूकथं नागरिक चेतना दयेकेमाल । अस्तु ।

labharatna@gmail.com


बुद्धको जन्मभूमि राष्ट्र नेपालमा सुख-शान्ति फैलिरहोस् ।
सम्पूर्ण नेपालीहरूमा धार्मिक चेतना विकास होस् ।

मिलन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
ह्वनाछेँ, पाको, न्यूरोड, काठमाडौं ।
फोनः ४२३१०३६, ४२२२०६५, फ्याक्स : ४२१६१६७

# बौद्ध गतिविधि

## बुद्धजयन्तीमा मोटरसाइकल ऱ्याली

३ जेठ, तानसेन । बरजु गुठी पाल्पाले २५६० औं बुद्धजयन्तीको उपलक्ष्यमा मोटरसाइकल ऱ्याली कार्यक्रम सम्पन्न गरेको छ । बुद्धजयन्तीको आगमनमै बुद्धशिक्षा संचेतनासहित धर्म प्रचारप्रसार गर्ने उद्देश्यले सुन्दर नगरी पाल्पा तानसेनमा मोटरसाइकल ऱ्याली कार्यक्रम सम्पन्न गरिएको हो ।

कार्यक्रम तानसेन टुँडिखेलदेखि भिमसेन टोल, नारायण टोल हुँदै आरम्भ भएको ऱ्याली तानसेन नगर परिक्रमा गरी



पुनः टुँडिखेलमा पुगी समापन भयो । कार्यक्रमको उद्घाटन बुद्धजयन्ती मूल समारोह समिति पाल्पाका उपाध्यक्ष एवं बरजु गुठी पाल्पाका महासचिव विनयराज वज्राचार्य र चुडाकर्म व्रर्तवण्ड संघका उपाध्यक्ष पुण्यरत्न वज्राचार्यले गरेका थिए भने शैलेन्द्र वज्राचार्यले कार्यक्रमको संयोजन गरेका थिए ।

कार्यक्रममा ऱ्याली समापन भए लगतै गोला प्रथाबाट तीनजना सहभागीहरू क्रमशः सुमिर वज्राचार्य, अनुप शाक्य, सुभम वज्राचार्यलाई चुडाकर्म व्रर्तवन्ध संघ पाल्पाका उपाध्यक्ष पुण्यरत्न वज्राचार्यबाट मैत्री उपहार प्रदान गरियो । सचिव सुरेशमान बुद्धाचार्यले सञ्चालन गरेको कार्यक्रममा अध्यक्ष बुद्धरत्न शाक्यले सहभागी एवं कार्यक्रम सफल बनाउने ट्राफिक प्रहरीलगायत सबैप्रति साधुवाद ज्ञापन गरियो ।

## शान्ति पदयात्रा सम्पन्न

४ जेठ, तानसेन । ज्ञानमाला संघ, आनन्द विहार, तानसेनले २५६० औं बुद्धजयन्तीको उपलक्ष्यमा तानसेनमा शान्ति पदयात्रा कार्यक्रम सम्पन्न गरेको छ ।

शान्ति पदयात्रा कार्यक्रमका संयोजक एवं ज्ञानमाला संघ, आनन्द विहार, तानसेनका निवर्तमान अध्यक्ष रत्नमान वज्राचार्य, प्रमुख अतिथि बुद्धजयन्ती मूल समारोह समिति, पाल्पाका अध्यक्ष चकोरमान शाक्य र संघका अध्यक्ष विनयराज वज्राचार्यले "विश्वशान्तिका लागि बुद्धशिक्षा" भन्ने नाराका साथ ज्ञानमाला संघले विगतका वर्षहरूदेखि निरन्तर रूपमा यसलाई संचालन गर्दै आइरहेको बताउँदै बुद्धको शिक्षाको




महत्व एवं उपादेयता सम्बन्धमा मैत्रीपूर्ण अभिव्यक्ति दिनुभयो ।

शान्ति पदयात्रा टुँडिखेलबाट भिमसेन टोल, नारायण टोलहुँदै, तानसेन नगर परिक्रमा गरी आनन्द विहारमा पुगी पदयात्रा समापनसँगै प्रसाद वितरण गरियो । सह सचिव सरविन्द्रमान वज्राचार्यबाट संचालित उक्त कार्यक्रममा विभिन्न बौद्ध संघसंस्थाका प्रमुखहरू, प्रतिनिधिलगायत वडा नं. ३ स्थित बसपार्क टोल विकास संस्था, भिमसेन टोल विकास संस्था–२, भिमसेन टोल विकास संस्था (महिला उपसमिति) का पदाधिकारी सदस्यहरूको उल्लेख्य सहभागिता रहेको संघका कोषाध्यक्ष एवं संवाददाता सुरेशमान बुद्धाचार्यबाट जानकारी प्राप्त भएको छ ।

## धुलिखेल कारागारभित्र बुद्धपूजा

५ जेठ, धुलिखेल । २५६०औं बुद्धजयन्तीको अवसरमा बौद्ध शिक्षा तथा सामाजिक विकास केन्द्र/नेपालको आयोजना एवं अखिल नेपाल भिक्षु महासंघका भिक्षुहरूको आतिथ्यमा धुलिखेल कारागारभित्र विशेष धार्मिक कार्यक्रम सम्पन्न भयो ।

पूर्वाराम विहारका विहार प्रमुख भिक्षु गुणघोष महास्थविरको उपस्थितिमा शीलप्रार्थना, बुद्धपूजा, परित्राणपाठपछि भिक्षु भद्दिय महास्थविर बुद्धशिक्षाको महत्व बारे धर्मदेशना गर्नुभयो । सहप्राध्यापक मदनरत्न मानन्धर, कारागारका चौकिदार अर्जुन थापा, सुरक्षा प्रतिनिधि पूर्ण प्रधान तथा कारागार कार्यालय प्रमुख जेलर महेश कुमार पोखरेलले बुद्धप्रतिमासहितको मन्दिरको स्थापनाले बन्दिहरूमा सकारात्मक प्रभाव पर्ने बारे बोल्नुभयो ।

कार्यक्रम संयोजक एवं केन्द्रका महासचिव विजयरत्न तुलाधरबाट स्वागत मन्तव्य, केन्द्रका का.वा. अध्यक्ष पदम बहादुर तामांगबाट धन्यवाद ज्ञापन गर्नुभएको सो कार्यक्रममा केन्द्रका अध्यक्ष दिवंगत सुमेध भन्तेको गुणानुस्मरण गरिएको थियो ।

## राष्ट्रपतिद्वारा मायादेवी मन्दिरमा पूजा

७ जेठ, लुम्बिनी । राष्ट्रपति विद्यादेवी भण्डारीले भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीस्थित मायादेवी मन्दिरमा पूजाआजा गरी मन्दिर परिसरको अवलोकन गरेकी छन् । बुद्धजयन्ती समारोहमा भाग लिनेक्रममा लुम्बिनी आइपुगेकी राष्ट्रपति भण्डारीलाई बृहद लुम्बिनीको गुरुयोजनाबारे जानकारी गराइयो ।

### राष्ट्रपति भण्डारीद्वारा तिलौराकोट अवलोकन

७ जेठ, कपिलवस्तु । राष्ट्रपति विद्यादेवी भण्डारीले २५६० औं बुद्धजयन्तीको अवसर पारेर गौतम बुद्धका पिता



राजा शुद्धोधनको दरवार क्षेत्र तिलौराकोटको अवलोकन गरेकी छन् । दिउँसो लुम्बिनी आइपुगेकी राष्ट्रपति भण्डारी त्यहाँ पूजा र अवलोकनपछि तिलौराकोट पुगेकी हुन् ।

कान्छी छोरीसहित तिलौराकोट पुगेकी राष्ट्रपति भण्डारीले बुद्धका पिता राजा शुद्धोधनको दरवारको भग्नावशेष, बुद्धले गृह त्याग गरेको पूर्वी द्वार, दरवार क्षेत्रको पश्चिमी द्वारको अवलोकन गरेकी छन् । उनलाई प्राचीन कपिलवस्तुको बुद्धकालीन ईतिहास र तिलौराकोट दरवार क्षेत्रको उत्खननका बारेमा जानकारी गराइएको थियो ।

तिलौराकोट भ्रमणलगत्तै राष्ट्रपतिको स्वागतका लागि सभासद् बलराम अधिकारी, सभासद् अतहर कमाल र प्रमुख जिल्ला अधिकारी ईन्दु घिमिरेलगायत जिल्लाका सरकारी कार्यालयका प्रमुख र सुरक्षा निकायका प्रमुखहरू उपस्थित थिए । राष्ट्रपति भण्डारी हेलिकप्टरबाटै बुद्धको मावली स्थल रूपन्देहीको देवदह र बुद्धको अस्थिधातु राखिएको नवलपरासीको रामग्राममा पुगेका छन् ।

श्रोत : गोपाल भण्डारी, कपिलवस्तु

## राष्ट्रपतिद्वारा बुद्धजयन्ती समारोहको उद्घाटन

जेठ ८, लुम्बिनी । राष्ट्रपति विद्यादेवी भण्डारीले २५६० औं बुद्धजयन्ती समारोहको बुद्धजन्मस्थल लुम्बिनीमा उद्धाटन गरेकी छन् । उक्त अवसरमा राष्ट्रपतिले भण्डारीले दीप प्रज्वलन गरिन् भने बुद्धधर्मका तीन सम्प्रदाय थेरवाद, महायान र वज्रयानका गुरुहरूले धार्मिक वचन पाठ गरे ।

उद्घाटन सामारोहमा बुद्धजयन्ती समारोहका अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्री एवम् एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल, उपप्रधानमन्त्रीहरू, मन्त्रीगण, विभिन्न दलका सांसद र राजनीतिक दलका नेताको सहभागिता रहेको थियो । बुद्धजयन्तीका अवसरमा लुम्बिनीमा २८ देशका ३५० भन्दा बढी बौद्ध धर्मगुरू तथा स्वदेशी र विदेशी गरी करिब १५ हजार बौद्ध धर्मावलम्बीको सहभागिता रहेको जानकारी प्राप्त भएको छ ।

## घोषणापत्र जारी गर्दै बौद्ध सम्मेलन सम्पन्न

८ जेठ, काठमाडौं । लुम्बिनीमा २५६०औं बुद्ध जयन्तीको अवसर पारेर सरकारले काठमाडौंमा ६ र ७ गते बौद्ध सम्मेलन आयोजना गरेको थियो । तेस्रो दिन लुम्बिनीमा आयोजित बुद्धजयन्ती समारोहमा दशबुँदे घोषणापत्र सार्वजनिक गरिएको छ । लुम्बिनीको समारोहमा राष्ट्रपति विद्या भण्डारी प्रमुख अतिथि थिए भने प्रधानमन्त्री केपी शर्मा ओली, पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा र पुष्पकमल दाहाल प्रचण्ड उपस्थित थिए ।

विश्वका २८ मुलुकका बुद्धिजिवी र भिक्षुहरू सहभागी भएको सम्मेलन १० बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । सम्मेलनमा सहभागीहरूले नेपाल बुद्ध जन्मेको देशमात्र नभई बुद्धधर्मको उद्गम स्थल र बुद्धको कर्मथलो भएको स्वीकार गरेका छन् ।

'दोस्रो बुँदामा बुद्धधर्म एशियाको मात्र ज्योति होइन, समग्र विश्वकै ज्योति हो, विश्वशान्तिको प्रस्थान विन्दू नेपाल हो भन्ने पारित भएको छ । यसैगरी बुद्धको शरीरलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने पनि घोषणापत्रमा उल्लेख छ । लुम्बिनी विकासको मास्टर प्लान बनाउने र लुम्बिनी, तिलौराकोट, देवदह तथा रामग्रामलाई बराबरी विकास गर्ने पनि सहमति भएको छ ।

लुम्बिनी विश्वविद्यालयलाई सेन्टर फर एक्सिलेन्ट बनाउने १० बुँदेमा घोषणा भएको छ । बुद्धले बुद्धत्व प्राप्त गरेको भारतको बोधगया, ज्ञान बाँडेको भारतकै सारनाथ र

बुद्धले महापरिनिर्वाण प्राप्त गरेको भारतकै कुशीनगरको पनि बराबरी विकास गर्ने घोषणापत्रमा उल्लेख छ ।

त्यसैगरी ग्लोबल बुद्धिष्ट फोरम निर्माण गर्ने घोषणा पनि गरिएको छ । यसको उद्देश्य विश्वभर शान्ति र भाइचाराको विकास गर्ने, मानवीय शान्ति, जनावरको अधिकारलगायतका कामहरू गर्ने छ ।

बौद्ध सम्मेलन तथा बुद्धजयन्ती समारोहमा २८ राष्ट्रका ३८५ जना विद्वान तथा भिक्षुहरूको सहभागिता रह्यो । सम्मेलनमा नेपालसहित अष्ट्रेलिया, बंगलादेश, भुटान, कम्बोडिया, चीन, जर्मनी भारत, जापान, लुथानिया, मलेसिया, मंगोलिया, कतार, रोमानिया, साउथ कोरिया, श्रीलंका, स्वीट्जरल्यान्ड, थाइल्याण्ड, टर्की, युके, अमेरिका, भियतनामका विद्वान र विक्षुहरू सहभागी भए ।

## बुद्धजयन्तीमा लुम्बिनीमा विभिन्न कार्यक्रम

२५६० औं बुद्धजयन्तीको उपलक्षमा लुम्बिनीमा अन्तर्राष्ट्रिय बौद्ध समाजले विभिन्न कार्यक्रम गरी मनाएको छ । जेष्ठ १ र २ गते नेपाल डेन्टल एसोसिएसन् को सहयोगमा दन्त शिबिर संचालन गरी २८९ जना दन्त रोगीहरूको उपचार गरिएको थियो र ५ गते रूपन्देही जिल्ला अन्तर माध्यमिक विद्यालयस्तरीय बौद्ध हाजिरीजवाफ रनिंग शील्ड प्रतियोगिता भिक्षु मैत्री महास्थविरको सभापतित्वमा सम्प्पन्न भएको थियो । १५ विद्यालयले भाग लिएको सो प्रतियोगितामा मसिना बाबा उच्च मा. बि. प्रथम, बुद्ध आदर्श उच्च मा.बि. दोश्रो र भानु उच्च मा.बि. तेस्रो भएको थियो । निर्णायकमा भिक्षु सद्धातिस्स, भोला गुप्ता र अनुला शाक्यधिता, स्कोरर लोचन राई, क्विज मास्टर फणिन्द्र पाल, संयोजक राजभक्त श्रेष्ठ हुनुहुन्थ्यो ।

**सर्वज्ञ धातु प्रदर्शनी :** जेष्ठ ८ गते बुद्ध जयन्तीका दिन बिहान चिनिया बौद्ध भिक्षुहरू तथा थेरबादका भिक्षुहरू पूजा आजा गरि सर्बग्य धातु दिनभरी सर्वसाधारणलाई प्रदर्शनमा राखिएको थियो र भिक्षु मैत्री छात्रबृत्ति मैत्री महास्थाबिरका शिष्य स्रामनेर मेत्तेय्य को आयोजनामा गत ५ बर्ष देखि आफ्नो गुरूको नाउमा स्टाफ नर्स सी एम ए एच ए बिद्यार्थीहरूलाई भिक्षु मैत्री छात्रवृत्ति दिंदै आएकोमा यसपाली जेष्ठ १० गते १६ जना बिद्यार्थीहरूलाई छात्रवृत्ति दिएको थियो ।

## कतारमा बुद्धजयन्ती समारोह

७ जेठ, दोहा । नेपाली दूतावास कतारमा नेपाल प्रवासी आदिवासी जनजाति महासंघ कतारको समन्वयमा २५६० औं बुद्धजयन्ती भव्यताका साथ मनाईएको छ । कतारस्थित नेपाली दूतावास र गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारको विशेष सहयोगमा नेपाल मगर संघ, तमु समाज, नेपाली प्रवासी तामाङ् समाज र थारू कल्याणकारिणी सभा कतारको आयोजनामा बुद्धजयन्ती मनाइएको हो ।

नेपाली दूतावास कतारका कार्यवाहक राजदूत मणीरत्न शर्मा को प्रमुख आतिथ्यत्व एवं २५६० औं बुद्धजयन्ती मूल समारोह समितिका संयोजक तथा तमु समाज कतारका अध्यक्ष खेम तमुको सभापतित्वमा सम्पन्न सो सभामा नेपाली प्रवासी आदिवासी जनजाति महासंघ कतारका अध्यक्ष सियाराम चौधरी, एनआरएनए आईसीसीका संरक्षक देवकाजी डंगोल, एनआरएनए आईसीसी सदस्य बिनोद अधिकारी र एनआरएनए एनसीसी कतारका अध्यक्ष बिनेश तामाङ्को उपस्थिति रहेको थियो ।

थारू कल्याणकारिणी समाज कतार च्याप्टरका अध्यक्ष अन्जनी कुमार चौधरीले स्वागत गर्नुभएको कार्यक्रममा कतारमा स्थापित विभिन्न राजनीतिक, जातीय तथा सामाजिक संस्थाहरूको बाक्लो उपस्थिति रहेको थियो भने नेपालबाट बुद्धगुरू ग्याम्जो लामा कतार पुग्नुभएको घनश्याम पराजुलीबाट जानकारी प्राप्त भएको छ ।

सम्मेलनमा भारतबाट ९ जनाको टोली आएको थियो भने चीनबाट ३०१ जना, कोरियाबाट ९ जना, थाइल्यान्डबाट १४ जना, अमेरिकाबाट ७ जना भाग लिन आए ।

## बुद्धजयन्तीमा धार्मिक कार्यक्रम

८ जेठ, तानसेन । २५६० औं बुद्धजयन्तीको उपलक्ष्यमा आयोजित धार्मिक कार्यक्रम आनन्दविहार तानसेन पाल्पामा हर्सोल्लासका साथ सम्पन्न भएको छ ।

पाल्पामा यस पटक २५६०औं बुद्धजयन्ती नवौं दिनसम्म मनाउने गरी बुद्धजयन्ती मूल समारोह समिति तानसेन पाल्पाबाट आयोजना गरिए अनुसार विभिन्न बौद्ध संघ संस्थाका पदाधिकारी सदस्यहरू, उपासक, उपासिकाहरू, बौद्धमार्गीहरू एवम् विभिन्न धर्मावलम्बीहरूको उल्लेख्य सहभागिताबीच ज्ञानमाला भजन, शीलप्रार्थना, बुद्धपूजा, भिक्षु प्रज्ञानन्दबाट धर्मदेशना प्रदान गरिएको थियो ।

ज्ञानमाला संघ आनन्द विहारका उपाध्यक्ष सरोजलाल शाक्यद्वारा स्वागत मन्तव्यपछि बौद्ध महिला सेवा समितिका सचिव सुलोचना शाह, २५६० औं बुद्धजयन्ती मूल समारोह समितिका कार्यवाहक अध्यक्ष एवं चुडाकर्म संघका उपाध्यक्ष पुण्यरत्न वज्राचार्यबाट शुभकामना मन्तव्य व्यक्त गर्नुभयो ।

शान्ति पदयात्रा कार्यक्रममा सहभागी बसपार्क टोल विकास संस्था, भिमसेनटोल विकास संस्था-२ र भिमसेन टोल विकास संस्था (महिला उपसमिति) लाई सम्मान गरियो । ज्ञानमाला संघ आनन्दविहारका अध्यक्ष विनयराज वज्राचार्यबाट धन्यवाद ज्ञापन गरिएको सो सभा सहसचिव सरविन्द्रमान वज्राचार्यले संचालन गर्नुभएको सदस्य सुरेशमान बुद्धाचार्यबाट जानकारी प्राप्त भएको छ ।

यसरी नै बौद्ध युवा संघ, महाबोधि विहार लहरेपिपल तानसेनले संघका उपाध्यक्ष राजेश वज्राचार्यको संयोजनमा बालमन्दिर तानसेनमा कल्पवृक्ष दान सम्पन्न गरेको थियो । रथयात्रा कार्यक्रममा आनन्दविहार, महाचैत्य विहार धर्मचक्र विहार, महाबोधि विहार करूणा बौद्ध संघलगायत लुम्बिनी हुँदै तानसेन आएका धरानका भजन टोली र बौद्ध तथा अन्य सयौं उल्लेख सहभागितामा नगर परिक्रमा भएको कार्यक्रममा बरजु गुठी पाल्पाबाट सहभागी सबैलाई खीर दान गुठीका कार्यकारी सदस्य गृहपति शाक्यको संयोजनमा भएको थियो ।

## जापानबासी नेपालीले मनाए बुद्धजयन्ती

जेठ ८, टोकियो । जापानमा २५६० औं बुद्धजयन्ती भव्य रूपमा मनाइएको छ । नेपाल आदिबासी जनजाति महासंघ, जापानको आयोजनामा टोकियोस्थित निप्पोन म्योहोउजीमा सम्पन्न समारोहमा विश्वशान्तिको कामनासहित गुम्बाका गुरूबाट विशेष पूजाआजा गरिएको थियो ।

कार्यक्रम संयोजक हवल चन्द्र लामाले समारोहमा उपस्थित जापानबासी नेपाली तथा जापानी नागरिकहरूलाई स्वागत गर्दै देशमा शान्ति स्थापानार्थका लागि प्रवासमा रहेका नेपालीहरूको एकता र सद्भावको आवश्यकता रहेको बताए । महासंघका अध्यक्ष पासाङ शेर्पाले हामी नेपालीहरू नै बुद्धको प्रचारप्रसारमा अग्रसर नदेखिएकाले भारतलगायत अन्य मुलुकहरूलाई बुद्ध र उनको जन्मस्थल लुम्बिनी बारे भ्रामक प्रचार गर्न फाइदा पुगेको बताए ।

समारोहमा एनआरएन जापानका सचिव बुद्धिराज घिमिरे, सल्लाहकार शरद गौचन, आईसीसी सदस्य ओम गुरूङलगायतको उपस्थिति रहेको थियो । जापानमा क्रियाशील संस्थाहरू तमु धिं, शेर्पा संघ, मगर संघ, थकाली सेवा समिति, किराँत याक्थुङ चुम्लुङ, किराँत राई यायोख्या, नेपाल तामाङ समाज, मनाङ सोसाईटी, नेवाः जागरण मञ्चको सहकार्यमा सम्पन्न समारोहमा प्रायोजक पदम गुरूङले धन्यवाद ज्ञापन गर्नुएको रमेश श्रीष मगरबाट जानकारी प्राप्त भएको छ ।

## पनौतीमा बुद्धजयन्ती सम्पन्न

८ जेठ, काभ्रेपलाञ्चोक । २५६० औं बुद्धजयन्तीको उपलक्ष्यमा बुद्धविहार, पनौतीको आयोजनामा पनौती नगर आसपासका विभिन्न बौद्ध स्थानमा सप्ताहव्यापी बुद्धपूजा तथा धर्मदेशना गरी मनाइएको ।

सप्ताहव्यापी बुद्धपूजा तथा धर्मदेशनाको अन्तिम दिन बुद्धजयन्तीका दिन विहार प्राङ्गणबाट भगवान् बुद्धको मूर्ति खटमा राखी नगर परिक्रममा गराइयो ।

विहारका आवसीय भिक्षु रेवतकीर्तिले शीलप्रदान तथा धर्मदेशना गर्नुहुँदै भगवान् बुद्धको शिक्षा डाक्टरले शरीरको रोग निको पार्ने शिक्षा नभई जति भए पनि नपुग्ने तृष्णाको रोगलाई निको पारी मानसिक शान्तिको उपार्जन गर्ने शिक्षा भएको कुरा प्रकाश पार्नुभयो ।

उक्त कार्यक्रममा सिक्किमबाट आउनुभएका महायानी भिक्षु कर्म लामाले पनि बोल्नुभएको थियो भने विहारका सचिव पुष्परञ्जन नेवाःले कार्यक्रम गर्नुभएको भिक्षु रेवतकीर्तिबाट जानकारी प्राप्त भएको छ ।

## होलाङदीमा विशेष बौद्ध धार्मिक समारोह

गौतम बुद्धको २६४० औं जन्मजयन्ती, २६०५ औं बोधिज्ञान लाभ र २५६० औं महापरिनिर्वाण त्रिसंयोग




दिवसमा होलाङ्दीस्थित बुद्धविहारमा करूणा बौद्ध संघको आयोजनामा भिक्षु प्रज्ञानन्दको प्रमुख आतिथ्यतामा बौद्ध धार्मिक समारोह सम्पन्न भयो । ज्ञानमाला भजन, पंचशील प्रार्थना र बुद्धपूजापछि भिक्षु प्रज्ञानन्दले बुद्धशिक्षाको उपादेयताबारे उपदेश गर्नुभयो ।

त्यस्तै बुद्धजयन्ती मूल समारोह समितिका कार्य वाहक अध्यक्ष पुण्यरत्न वज्राचार्यले बोल्नुभएको सो सभामा

संघका अध्यक्ष छत्रराज शाक्यबाट स्वागत मन्तव्य, सचिव मदनलाल वज्राचार्यबाट कार्यक्रम संचालन भएको सदस्य सुरेशमान बुद्धाचार्यले जानकारी गराउनुभएको छ ।

## "रामग्राम स्तुप" ओझेलमा

१० जेठ, परासी । सरकारले लुम्बिनीमा २५६० औं बुद्धजयन्ती मनाइरहँदा नवलपरासीस्थित बुद्धको अस्थिधातु रहेको रामग्राम स्तूप भने ओझेलमा परेको छ । स्तूपमा सरकारी स्तरबाट कुनै कार्यक्रम हुनसकेन । जेठ ७ गते राष्ट्रपति विद्यादेवी भण्डारीले स्तूपको अवलोकन गरेपछि रामग्रामवासीले सरकारी स्तरबाट कार्यक्रम हुने आशा गरेका थिए । तर सरकारी स्तरबाट कुनै कार्यक्रम नराखेपछि स्थानीयले आफ्नै पहलमा बुद्धजयन्ती मनाए ।

स्थानीयले नागरिक समाजका अध्यक्ष शम्भु उपाध्यायको संयोजकत्वमा बुद्धजयन्ती मूल समारोह समिति गठन गरी मनाइएको जन्मजयन्ती कार्यक्रममा प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखलगायत अन्य सरकारी कार्यालयका प्रमुखसमेत सहभागी नभएपछि स्थानीय खिन्न भए ।

लाखौं रूपैयाँ खर्च गरेर लुम्बिनीमा जयन्ती मनाइरहँदा रामग्राममा देखाइएको सरकारी उदासीनताप्रति स्थानीय सामाजिक संस्थाका प्रतिनिधि सरकारप्रति आक्रोशित बनेका छन् । पटकपटक सरकारी स्तरबाट कार्यक्रम आयोजना गर्न माग गर्दै आए पनि वास्ता नगरेपछि स्थानीयले स्वतःस्फूर्त रूपमा ८ गने र्‍याली र अन्तर्क्रिया गरी बुद्धजयन्ती मनाएका हुन् ।

बुद्धसँग सम्बन्धित सबै स्थलको विकास, संरक्षण र संवर्द्धन गर्ने जिम्मेवारी लुम्बिनी विकास कोषको रहेपनि त्यसले बेवास्ता गरेका कारण अब स्तूपको विकासका लागि रामग्राम पर्यटन विकास कोषको स्थापना हुनुपर्नेमा परासीवासीले सरकारसँग माग गरेका छन् ।

२५३२ औं बुद्धजयन्तीका अवसरमा २०४५ सालमा बौद्ध धर्मावलम्बीले रामग्रामको महत्वका बारेमा जानकारी दिएपछि स्थानीय स्तरबाट बुद्धजयन्ती मनाउन सुरू गरिएको नागरिक समाजका अध्यक्ष उपाध्यायले बताए ।

## ऐतिहासिक न्यागः मणिको अवलोकन भ्रमण

१५ जेठ, भक्तपुर । उपत्यकामा रहेका विविध ऐतिहासिक बौद्ध सम्पदाहरूको नियमित अध्ययन अवलोकन भ्रमण कार्यक्रम अन्तर्गत भक्तपुर बौद्ध सम्पदा संघको आयोजनामा काठमाडौं तारकेश्वर नगरपालिकास्थित ऐतिहासिक पाँच माणेको अवलोकन भ्रमण सम्पन्न भयो ।

चीनको ल्हासा, केरूङ्गसंगको ब्यापारिक मार्ग एवं काठमाडौं उपत्यकाको पश्चिम प्रवेश गर्ने मूख्य मार्गको रूपमा प्रयोग हुँदैआएको पाँच माणे एक ऐतिहासिक स्थल हो । यस स्थलबाट वागमति अञ्चलका काठमाडौं, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक, धादिङ्ग र नुवाकोट गरी ६ वटा जिल्लाहरू देखिन सकिने सो क्षेत्र मल्लकालमा काठमाडौंको लागि सामरिक महत्वको स्थल पनि हो ।

६० जना भ्रमणमा सहभागीहरूलाई ऐतिहासिक पाँच माणेको महत्वबारे संघका अध्यक्ष महेन्द्रराज शाक्य, सल्लाहकार संघरत्न शाक्य, कार्यक्रम संयोजक पद्मसुन्दर शाक्य एवं स्थानीय निवासी निर्माण समितिका सदस्य मुकुन्द रञ्जितले जानकारी दिनुभयो ।

बुद्धपूजा, ज्ञानमाला भजन, गीत, धार्मिक कथा तथा विविध जानकारी आदान प्रदान समेत भएको उक्त कार्यक्रमको अवसरमा भ्रमणमा सहभागीहरूको तर्फबाट चतुर्ब्रह्ह महाविहार ज्ञानमाला भजन खलःको रू. २५०० सहित संघबाट रू. ६९२०/- र न्हुक्षेकुमार लासिवःले रू. ५००१/- पाँच माणेमा निर्माणाधीन चैत्यका लागि सहयोग प्रदान गरेको छ । साथै भ्रमण टोली भूकम्पले क्षतिग्रस्त नेवारवस्ती धर्मस्थलीको ऐतिहासिक चैत्यमा पनि पुगेको पद्मसुन्दर शाक्यबाट जानकारी प्राप्त भएको छ ।

## वृहत लुम्बिनी चक्रपथ निर्माण गरिने

१६ जेठ, काठमाडौं । सरकारले ६ जिल्लाका प्रसिद्ध धार्मिक स्थलललाई जोडेर वृहत लुम्बिनी चक्रपथ निर्माण गर्ने भएको छ । आर्थिक वर्षको बजेटमा यो चक्रपथ महत्वमा परेको छ । वृहत लुम्बिनी चक्रपथमा रूपन्देही, नवलपरासी, स्याङ्जा, गुल्मी, अर्घाखाँची र तौलिहवा समेटिनेछन् । चक्रपथ लुम्बिनीबाट सुरू भएर भैरहवा, त्रिवेणी, दुम्कीबास, गैंडाकोट, राम्दी, रिडी, तम्घास, सन्धिखर्क, गोरूसिंगे, तौलिहवा हुँदै लुम्बिनीमा जोडिने छ ।

वृहत लुम्बिनी चक्रपथको आगामी आर्थिक वर्षमा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरी निर्माण कार्य सुरू गर्ने बजेटमा उल्लेख छ । यो चक्रपथले धार्मिक पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने विश्वास गरिएको छ । यसैगरी, स्वर्ण सगरमाथा वृहत चक्रपथको पनि विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य अगाडि बढाइनेभएको छ । यो चक्रपथले ओखलढुंगा सोलु सल्लेरी खोटाङ दिक्तेल ओखलढुंगा समेट्ने छ ।

## परियत्ति पुरस्कार तथा सम्मान

२० जेठ तानसेन । नेपाल बौद्ध परियत्ति शिक्षा, आनन्द विहार परियत्ति केन्द्र, तानसेनको ११ औं वार्षिक

कार्यक्रम तथा बु. सं. २५५९को परीक्षाको परियत्ति शिक्षा प्रमाणपत्र, पुरस्कार वितरण तथा सम्मान कार्यक्रम नेपाल बौद्ध परियत्ति शिक्षाका केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञानको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ ।

ज्ञानमाला संघ, आनन्द विहारका अध्यक्ष विनयराज वज्राचार्यको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा प्रमुख अतिथि भिक्षु बोधिज्ञान महास्थविरले उत्तीर्ण ३१ जना विद्यार्थीहरूलाई जिन्सी पुरस्कार र प्रमाणपत्र वितरण गर्नुभयो । कक्षा ९ मा प्रथम हुने सुनिता गाहालाई सल्लाहकार छत्रराज शाक्यले र सबैभन्दा कान्छा विद्यार्थीलाई सदस्य अर्चना शाक्य र सुलोचना उदयले प्रोत्साहनस्वरूप नगद रकम सौजन्य गरेका थिए ।

आनन्दविहार परियत्ति केन्द्रका केन्द्राध्यक्ष सर्जुलाल वज्राचार्यले केन्द्रको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो । परियत्तिको लागि योगदान गर्नुहुने निर्वमान केन्द्राध्यक्ष देवेन्द्रमान शाक्य र सदस्य बल बहादुर गाहा मगरलाई प्रशंसापत्र तथा बुद्धमूर्ति उपहार प्रदान गरिएको थियो ।



परियत्ति विद्यार्थीहरूको तर्फबाट योगमाया गाहा मगरले परियत्ति शिक्षाको महत्व बारे बोल्नुभयो भने बौद्ध महिला सेवा समितिका का.वा. अध्यक्ष शोभा शाक्य, ज्ञानमाला सभा टक्सारका अध्यक्ष उत्तम कुमार वज्राचार्य र महाचैत्य विहार परियत्ति केन्द्रका केन्द्राध्यक्ष देव प्रसाद वज्राचार्यले पनि बोल्नुभएको थियो ।

सभा अध्यक्ष विनयराज वज्राचार्यबाट धन्यवाद ज्ञापन, आनन्द विहार परियत्ति केन्द्रका सदस्य सुनिता शाक्यबाट स्वागत तथा सचिव रत्नमान वज्राचार्यले कार्यक्रमको संचालन गर्नुभएको सुरेशमान बुद्धाचार्यले जानकारी गराउनुभयो ।

## भिक्षु महासंघबाट भिक्षु आनन्दलाई बहिष्कार



२१ जेठ, काठमाडौं । अखिल नेपाल भिक्षु महासंघले भिक्षु आनन्दलाई भिक्षु महासंघसम्बद्ध सम्पूर्ण धार्मिक संस्थाको सदस्यताबाट समेत पदीयभार मुक्त भएको भनी अ.ने.भि. महासंघका अध्यक्ष नेपालका संघउपनायक अग्गमहापण्डित डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट हस्ताक्षरित पत्रबाट सूचना संप्रेषण गरिएको छ । सो पत्रमा उल्लेखित ब्यहोरा निम्नानुसार रहेको छ–

"वर्तमान नेपालको थेरवाद बुद्धशासन-बुद्धधर्मअन्तर्गत पहिलो भिक्षु तालिम केन्द्र/संघाराम विहारका संस्थापक प्रमुख एवं नेपालकै जेष्ठतम परमपूज्य संघनायक भिक्षु अश्वघोष महास्थविरलाई संघाराम विहारमैं बस्न अवरोध श्रृजना गर्ने, गुरूहरू संघनायक भिक्षु अश्वघोष महास्थविर तथा भिक्षु मैत्री महास्थविरको शिष्यत्वभावबाट च्यूत भइसकेका, संघाराम विहारसम्बद्ध कसैलाई पनि जानकारी समेत नगरिकन गोप्यरूपले पुनः नयाँ विहारसंस्था दर्ता गर्ने, सम्बद्ध विहार तथा विभिन्न संघसंस्थाबाट समेत उचित कारवाहीका लागि प्राप्त अनुरोध पत्र एवं संघाराम विहारमा श्रृजित गम्भीर समस्या समाधानार्थ अखिल नेपाल भिक्षु महासंघले मैत्रीपूर्ण आह्वानसहित पत्राचार गर्दा समेत अनुपस्थित भई धर्म–गौरव/संघ-गौरवलाई बेवास्ता गर्ने संघाराम विहारका भिक्षु आनन्दलाई आज २०७३ जेठ २१ गते धर्म-गौरवसहितको भिक्षुसंघको भेलाले बहिष्कार गर्ने सर्वसम्मत निर्णय गरेको छ । निजव्यक्ति भिक्षु आनन्द (बलम्बुका श्रामणेर आनन्द, ने.ना.प्र.प.नं. ४४८१/४२९९) सित अखिल नेपाल भिक्षु महासंघको कुनै प्रकारको संस्थागत सम्बन्ध नभएको, साथै भिक्षु महासंघसम्बद्ध सम्पूर्ण धार्मिक संस्थाको सदस्यताबाट पनि पदीयभार मुक्त भइसकेको सर्वसम्मत निर्णय आवश्यक कार्यार्थ जानकारी हेतु सम्बन्धित सबैलाई सूचित गरिएको छ । साधुवाद । चिरंतिट्ठतु सद्धम्मो ।"

बहिष्करणपश्चात् स्वयं भिक्षु आनन्दले पनि पुनर्विचारका लागि अ.ने.भि. महासंघसमक्ष पत्र संप्रेषण गरेका छन् भने नेपालका संघनायकजस्तो विशिष्ट धार्मिक व्यक्तित्वको प्रतिष्ठालाई कायम राख्न तथा धर्म-गौरव/संघ-गौरव कायम गर्न एउटै विहारमा एउटै नाउँबाट सम्बद्ध भिक्षुहरूलगायतलाई कुनै सुँइको समेत नदिई गोप्यढंगले दर्ता गरिएको संस्था खारेज गरी सम्बन्धित गुरूहरूसँग प्रकृयागत ढंलले क्षमायाचना गरेमा बहिष्करण सम्बन्धमा पुनरावलोकन, पुनर्विचार गर्न अखिल नेपाल भिक्षु महासंघ सकारात्मक हुनसक्ने संकेत देखिएको छ । हठ र दम्भ त्यागेर धार्मिक आस्थाको केन्द्रमा विवादित विषयलाई अझैपनि धार्मिक रूपमैं रचनात्मक एवं सकारात्मक तवरबाट समाधानको उपाय खोज्नु सम्बद्ध सबैका लागि सुखकर तथा हितकर विषय हुने सम्बद्ध जनसमुदायको आकांक्षा रहेको बुझिएको छ ।